मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

**राष्ट्रसङ्घको महासभामा नेपालको प्रभाव बढेको छः विष्णु रिमाल**



संवाद पृष्ठ ७ मा

● वर्ष २ ● अंक ३१४ ● २०८१ साल असोज १७ गते बिहीबार ● Thursday 03, October 2024 ● सूर्योदयः बिहान ५:५८ बजे ● सूर्यास्तः साँझ ५:५० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# शुरु भयो दशैँ आज घटस्थापना



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
नेपालीको महान् पर्व बडादशैँ आज (बिहीबार)देखि शुरु भएको छ । दुर्गा भगवतीको आराधना गरिने स्थानहरुमा घटस्थापना गरिँदैछ । बडादशैँको पहिलो दिन घरघरमा विधिपूर्वक दियो, कलश र गणेश स्थापनासहित घटस्थापना गरिन्छ । पूजा कोठा वा दशैँघरमा वैदिक विधिपूर्वक शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आह्वान गरी पूजा आरम्भ हुन्छ ।

बिहानै नित्यकर्म समाप्त गरी नजिकको नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दशैँघरमा विधिपूर्पक राखेर त्यसमाथि यव अर्थात् जौ रोप्ने गरिन्छ । यस कार्यलाई जमरा राख्ने पनि भनिन्छ । यव अंकुर दुर्गा देवीको प्रिय वस्तु भएकाले आज यव रोपण गरी दुर्गालाई चढाएर विजयादशमीको दिन टीका प्रसादसितै समृद्धिको प्रतीक पहेँलो जमरा पनि ग्रहण गरिन्छ ।

आजैको दिन विधिपूर्वक घट अर्थात् घडा स्थापना गरी त्यही घडामाथि शक्तिस्वरूपा दुर्गाको पूजा आराधना गरिने भएकाले आजको दिनलाई घटस्थापना भन्ने गरिएको हो । आज स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजयादशमीका दिनमा दुर्गा देवीको प्रसाद ग्रहण गर्ने गरिन्छ । जनकपुरको विभिन्न शक्तिपीठहरुलाई भव्यरुपमा सजाइएको छ । दशैँलाई भव्य बनाउन यहाँका स्थानीय युवा क्लब जुटेका छन् । उनीहरु जनकपुरको प्रसिद्ध शक्तिपीठहरु सजाउन जुटेका हुन् ।

प्रमुख शक्तिपीठ राजदेवी मन्दिरसहित एक दर्जनभन्दा बढी स्थानमा शक्तिस्वरुपा दूर्गाको मूर्ति स्थापना गरी दशैँमा पूजा अर्चना गर्ने गरिन्छ ।

राममन्दिर परिसरभित्र रहेको राजदेवी मन्दिरसहित अन्य स्थानमा मूर्ति स्थापना गरी पूजा गरिने ठाउँहरुमा आकर्षक पण्डाल, रंगीचंगी बल्ब जडान गर्ने कार्य शुरु भइसकेको छ । मन्दिर मिथिला क्षेत्रमा उच्च धार्मिक महत्व राख्ने स्थलका रूपमा परिचित छ । विशेष गरी दशैँमा यहाँ देवी दुर्गाको शक्ति र साहसको प्रतीकका रूपमा विशेष पूजा अर्चना हुन्छ । मन्दिरमा आउने भक्तजनले देवीको पूजा गर्दै आफ्नो मनोकामना पूरा हुने विश्वास राख्छन् । दशैँको समयमा यहाँ आउने हजारौँ श्रद्धालुले आफ्नो परिवार र समाजको कल्याणको कामना गर्दै विशेष पूजा गर्छन् ।

राजा जनकका कुलदेवता भनिएको प्रसिद्ध राजदेवी मन्दिरमा आकर्षक पण्डाल र झिलिमिली बत्तीहरु जडान गर्ने कार्य करिब पूरा भइसकेको महावीर युवा कमिटीले जनाएको छ । यसैगरी, रामानन्द युवा क्लब हरेक वर्ष झैँ यस वर्ष पनि माटोको मूर्ति निर्माण गरी पूजाको तयारीमा जुटेको छ । पूजा भव्य बनाउन क्लबले रामानन्दचोकमै पण्डाल निर्माण थालेको छ । यसका साथै जनकपुरको मुरलीचोक, भ्रमरपुरा चोक, पिडडीया माइस्थान, रजौल लगायतको क्षेत्रका युवा क्लब पनि दशैँको तयारीमा जुटेका छन् ।

नेपालीहरुको ठूलो पर्व बडादशैँ आजदेखि प्रारम्भ भएको छ । बडादशैँको पहिलो दिन घटस्थापनामा घरघरमा जमरा राख्ने प्रचलन छ । दशैँको प्रथम दिन शक्तिपीठ, देवीमन्दिर तथा घरघरमा वैदिक विधिपूर्वक घटस्थापना गरी जमरा राखिन्छ । सूर्यको प्रत्यक्ष प्रकाश पर्नबाट जोगाई गोप्यरुपमा उमारिने जमरालाई देवीको मनपर्ने प्रसाद वा शक्तिप्रदायक अन्नअंकुरण मानिन्छ । जमरा, देवी उपासनाको गुह्यज्ञानको संकेत पनि हो । यो विधि विश्वमै विशिष्ट छ ।

र, कृषिसभ्यताको पर्वीय प्रतीक र समृद्धिको स्वरुपमा रहेको छ । जमरा राख्दा मुख्य गरी माटाको जलघडामा गोबर टाँसेर त्यसमा जौका दाना रोपेर राख्ने गरिन्छ । दशैँघरमा पवित्र नदीको बालुवा र माटो राखेर त्यसमा जौ, गहुँ, मकैको बिउ बाक्लै छरेर पनि जमरा राखिन्छ । अत्यन्तै शक्तिशाली अन्न जौको बीजबाट उमारिएको हुँदा यसलाई जमरा भनिएको

हो । जमरा देवीलाई औधी मनपर्ने वनस्पति हो । जौको पोषण आमाको दूध समान शक्तिदायक

हुन्छ । जौ सनातन संस्कृतिमा शुद्धि र हवनका लागि नभई नहुने प्राचीन अन्न हो । घटस्थापनाका दिन देशभर सार्वजनिक बिदा दिइन्छ भने विद्यालय तथा अदालतमा कोजाग्रत पूर्णिमासम्म १५ दिन बिदा दिइन्छ । विद्यार्थी तथा शहरी क्षेत्रमा अन्य रोजगारी र व्यवसाय गरी बसेका मानिसहरु घटस्थापनादेखि गाउँघर फर्कन थाल्छन् । गाउँघरमा घटस्थापनासँगै दशैँ लागेपछि बाटोघाटो खन्ने घर लिपपोत गर्ने डाँडाभञ्याङ चौरचोकमा पिङ हाल्ने क्रम शुरु हुन्छ । यसै दिनदेखि बडादशैँको शुभकामना आदानप्रदान गरिन्छ । देवीभक्तहरु दिनदिनै देवी मन्दिरमा गई देवी दर्शन गर्न थाल्छन् ।

काठमाडौ उपत्यकाका देवीभक्तहरु नवदुर्गा तथा विभिन्न शक्तिपीठको यात्रा गरी पूजाआजा गर्छन् । घरघरमा दुर्गाको महिमा गान भएका ग्रन्थ देवी भागवत, दुर्गासप्तशती, चण्डीको वाचन नवाह थालिन्छ । मठमन्दिरमा देवीभजनको पर्वीय गायन आरम्भ गरिन्छ । धानकोदो फल्न लागेका बेला कृषिमा सहसमृद्धि ल्याउने प्रकृतिमाताको देन सस्मरण गरी यसै दिनदेखि दशैँभर मठमन्दिर, घर तथा सञ्चारमाध्यममा शारदीय संगीत मालश्री गायन र धून बजाउने चलन छ ।

# मृत्यु भएकाको परिवारलाई प्रदेश सरकारको एक लाख



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
असोज ११ र १२ गतेको अविरल बर्षाका कारण आएको बाढीपहिरो तथा डुबानमा परेर निधन भएकाको परिवारलाई मधेश प्रदेश सरकारले एक लाख रुपैयाँका दरले राहत दिने भएको छ । मुख्यमन्त्री सतिश कुमार सिंहले आहत नागरिकलाई थोरै भए पनि राहत हुने गरी रकम दिइलन लागेको जानकारी दिए । उनले विपद्मा ज्यान गुमाउने मृतकप्रति श्रद्धाञ्जली एवम् शोकसन्तप्त परिवारप्रति गहिरो समवेदना प्रकट गरे ।

मुख्यमन्त्री सिंहले निरन्तर तथा तीव्र बर्षाका कारण बाढीपहिरो तथा डुबानजन्य विपद्बाट प्रभावित प्रदेशबासीलाई राहत पुर्याउन एकद्वार प्रणाली अवलम्बन गर्न प्रदेशका आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिएका छन् । उनले बर्षा तथा बाढीबाट प्रभावित बस्तीमा राहत तथा पुनस्र्थापना कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय तहलाई आग्रह गरे ।

मुख्यमन्त्री सिंहले विपद्का बेला मधेश प्रदेशमा खोज, उद्धार एवम् तत्काल राहत कार्यको व्यवस्थापनमा सक्रिय स्थानीय तह, सुरक्षा अधिकारी, सुरक्षाकर्मी तथा अन्य क्षेत्रलाई धन्यवादसमेत दिएका छन् । मुख्यमन्त्री सिंहले यसअघि नै बर्षाबाढीबाट प्रभावित गाउँबस्तीमा पुनस्र्थापनाका काम गर्न स्थानीय तह र विभिन्न स्थानीय तहलाई कार्यक्षेत्र बनाई काम गर्दैआएका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थालाई आह्वान गरेका थिए ।

बर्षा र बाढीका कारण कृषि, सिँचाइ, भौतिक पूर्वाधारलगायत क्षेत्रमा भएका क्षतिका विषयमा विवरण संकलन भइरहेको जानकारी दिँदै मुख्यमन्त्री सिंहले त्यसअनुरूप राहत तथा पुनस्र्थापना कार्यमा सहजीकरण गर्न प्रदेशका मन्त्रालयहरू तथा मातहतका निकायलाई निर्देशन दिएका छन् ।

## २३२ को मृत्यु, २३ बेपत्ता

मधेशद्दष्टि
जनकपुरधाम ।
असोज १२ र १३ गते गएको बाढीपहिरोमा परेर २ सय ३२ नागरिकले ज्यान गुमाएका छन् । यस्तै, २३ नागरिक बेपत्ता रहेको गृह मन्त्रालयले जनाएको छ ।

बुधबार साँझ आयोजित पत्रकार सम्मेलनमा गृह प्रवक्ता ऋषिराम तिवारीले बाढीपहिरोका कारण मृत्यु हुनेको संख्या २ सय ३२ पुगेको, १ सय ६५ घाइते भएको र २३ नागरिक अझै बेपत्ता रहेको जानकारी दिए ।

गृह प्रवक्ता तिवारीले खोज र उद्धारको कामलाई निरन्तरता दिइएको र अन्तिम चरणमा पुगेको बताए । यस्तै, मन्त्रालयका सहसचिवहरुको नेतृत्वमा बाढी पहिरोबाट बढी प्रभावित विभिन्न ८ जिल्लामा स्थलगत अनुगमन टोली परिचालन गरिएको बताए ।

सहसचिव नेतृत्वको स्थलगत अनुगमन टोली बाढी पहिरोबाट अतिप्रभावित ८ जिल्ला काठमाडौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक र धादिङमा परिचालन भएको प्रवक्ता तिवारीले बताए । स्थलगत अनुगमन टोलीमा सरोकारवालन अन्य निकायका प्रतिनिधिसमेत सहभागी रहेको गृहमन्त्रालयले जनाएको छ ।

टोलीले विपद्बाट प्रभावित घरपरिवारलाई राहत उद्धारका विषयमा प्रदेश,स्थानीय तह र सम्वद्ध पक्षहरूसँग समेत आवश्यक समन्वय र सहजिकरण गरी विपद्पछिको सरकारको भूमिकालाई प्रभावकारी बनाउने गरी काम गर्नेछ । गृह मन्त्रालयले नेपाली सेनाको हेलिकप्टरबाट बुधबार थप २९ जना बाढीपहिरो पीडितको उद्धार गरिएको र ललितपुरमा प्रभावित क्षेत्रमा खाद्यान्न तथा आवश्यक सामग्री पठाइएको पनि जनाएको छ ।

पत्रकार सम्मेलनमा गृह प्रवक्ता तिवारीले गृहमन्त्रीले बाढीपहिरो प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूसँग कुराकानी गरी सरकारको निर्णय कार्यान्वयन गर्न निर्देशन दिएको र प्रभावित ठाउँहरूमा राहत तथा उद्धारका कामहरू भइरहेको बताए । प्रवक्ता तिवारीले बाढीपहिरोका कारण अवरुद्ध सडक, विद्युत्, टेलिफोन लगायतका सेवाहरू क्रंमश सुचारु हुँदै गएको र बाँकी कामहरू पनि तीव्र गतिमा गर्न निर्देशन दिइएको पनि बताए ।

### यातायात सहजरुपमा सञ्चालन गर्न छलफल

यातायात सहजरुपमा सञ्चालन गर्न गृहमन्त्री रमेश लेखकले यातायात व्यवसायीहरुसँग छलफल गरेका छन् । उनले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ र यातायात मजदुर सङ्गठनसँग बाढीपहिरो, डुबानलगायत प्राकृतिक विपद्बाट अवरुद्ध राजमार्ग–सडक पुनःसञ्चालन गरी यात्रा सहज बनाउने विषयमा छलफल गरेका हुन् ।

सिंहदरबारस्थित गृह मन्त्रालयमा विपद्मा अवरुद्ध सडक सञ्चालन गरी चाडवाडका बेला यातायात सहज र सुरक्षितरुपमा सञ्चालन गर्न यातायात व्यवसायी, यातायात मजदुर सङ्घ–सङ्गठनका पदाधिकारीबीच सकारात्मक छलफल भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले जानकारी दिए ।

'विपद्को स्थितिमा अझै धेरै राजमार्ग अवरुद्ध हुनुका साथै पहिरोको जोखिम पनि उत्तिकै छ,' उनले भने, 'बिपी राजमार्गअन्र्तगत रोशी क्षेत्रमा अलपत्र परेका यातायात मजदुरलाई राहत उपलब्ध गराउने विषयमा पनि छलफल भएको छ ।' गृहमन्त्री लेखकले रोशीमा रहेका यातायात मजदुरलाई तत्काल राहत उपलब्ध गराउन निर्देशन दिएको वरिष्ठ उपाध्यक्ष सिटौलाले बताए । 'अवरुद्ध यातायात सञ्चालनदेखि मजदुरलाई राहत र चाडपर्वका बेला सुरक्षित यात्रा लगायतका विषयमा छलफल भयो,' उनले भने, 'हामीले सवारीसाधन जाँच गर्ने लगायतका विषयमा पनि छलफल गरेका छौँ ।'

मन्त्री लेखकले विपद्का कारण अवरुद्ध राजमार्ग खुलाउन सम्बन्धित मन्त्रालय, सरोकारवाला निकायका साथै सुरक्षाकर्मी सक्रिय रहेको बताए । 'पृथ्वी राजमार्गको झ्याप्ले खोलालगायत स्थानमा पहिराको जोखिम रहेका क्षेत्रमा ट्राफिक प्रहरी र नेपाल प्रहरी परिचालन गरिएको छ,' उनले भने, 'चाडवाडका बेला आएको विपद्को सामना गर्दै सहज यात्राका लागि गम्भीर भएर लागिपरेका छौँ ।'

### कृष्णभिरमा सडक भासियो

पृथ्वी राजमार्गस्थित धादिङको बेनीघाट रोराङ गाउँपालिकास्थित कृष्णभिरमा सडक भासिएको छ । सडक भासिएपछि एकतर्फी सवारी सञ्चालन गरिएको बागमती प्रदेश ट्राफिक प्रहरी कार्यालयका एसपी नरेश सुवेदीले बताए ।

पहिरोको जोखिमका कारण पृथ्वी राजमार्गको जोखिम हुने ठाउँमा २४ सै घण्टा प्रहरी परिचालन गरिएको छ । संवेदशनशील ठाउँमा सादा पोसाकका प्रहरी र ट्राफिक परिचालन गरेर पहिरोको जोखिम देखिएका ५ सय मिटर पर सवारी होल्ड गर्नेगरी व्यवस्थापन गरिएको छ ।

# हेडसरले शौचालयको रकम पनि छाडेनन्

**मधेशद्दष्टि**
**राजविराज ।**
सप्तरीको कञ्चनरुप नगरपालिका–३ स्थित शंकर माध्यमिक विद्यालय बरमझियाका तत्कालीन प्रधानाध्यापक दिलिपकुमार गुप्तासहित तीन जनामाथि भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार उनीहरुमाथि विशेष अदालतमा मुद्दा दायर गरेको हो । प्रधानाध्यापक गुप्ताले आव २०७१–७२ मा विद्यालयको शौचालय निर्माणका लागि निकासा भएको पहिलो किस्ता, विद्यार्थीको नाममा विभिन्न शीर्षकमा आएको विभिन्न आर्थिक वर्षहरुको छात्रवृत्ति रकम, आव २०७३–७४ मा निकासा भएको पिसिएफ अनुदानवापतको रकमसमेत शिक्षक नराखी हिनामिना गरेको अख्तियार दाबी छ । उनीउपर ६ लाख ४९ हजार ९ सय १६ रुपैयाँ बिगोका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय समेत मागदाबी लिइएको छ । त्यस्तै, विद्यालयका मुखिया श्रवण कुमार चौधरीले प्रधानाध्यापक गुप्तासँग मिलेर छात्रवृत्तिको रकम ३ लाख १० हजार ४ सय, पिसिएफ शिक्षक तलबभत्ताको रकम १ लाख ५० हजार ६ सय ८६ रुपैयाँ र पाठ्यपुस्तकको नक्कली बिल बनाई १ हजार २६ हजार २ सय ४७ रुपैयाँ निकासा लिई मनोमानी ढंगले सरकारी रकम हानिनोक्सानी गरेको अख्तियारले जनाएको छ ।

उनीउपर ५ लाख ८७ हजार ३ सय ३३ रुपैयाँ र विद्यालयका शिक्षक हृदयराम चौधरीउपर पनि ६२ हजार ५ सय ८३ रुपैयाँ बिगो, कैद र जरिवाना माग दाबी लिइएको छ । हृदयरामले शौचालय निर्माणको लागि निकासा लिएको २ लाख रुपैयाँमध्ये १ लाख ३७ हजार ४ सय १६ रुपैयाँको मात्र काम गरेको अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए ।

# मधेशीमूलकी महिला राजदूत



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
अष्ट्रेलियाको लागि नेपाली राजदुतमा चित्रलेखा यादव अनुमोदित भएकी छन् । संघीय संसदको संसदीय सुनुवाइ समितिमा बुधबार बसेको बैठकले उनको नाम अनुमोदन गरेको हो । उनले बुधबारको बैठकमा आफ्नो कार्ययोजना प्रस्तुत गरिन् । उनले नेपालको जलस्रोतको विकासमा अष्ट्रेलियाको लगानी भित्र्याउन सकिने योजना प्रस्तुत गरेकी थिइन् ।

पूर्वउपसभामुखसमेत रहेकी यादवलाई भदौ २४ गते सरकारले अस्ट्रेलियाको राजदूतमा सिफारिस गर्ने निर्णय गरेको थियो । मन्त्रिपरिषद् बैठकले कांग्रेसकी नेतृ समेत रहेकी यादवलाई अस्ट्रेलियाको राजदूतमा सिफारिस गर्ने निर्णय गरेको थियो । यसअघि अस्ट्रेलियाका लागि सिफारिस भएकी कांग्रेसकी नेतृ कान्ता रिजालको नाम विवादका कारण काटिएको थिए । उनको स्थानमा यादवको सिफारिस भएर राजदुत हुने भएकी हुन् ।

सरकारले १८ देशका राजदूत सिफारिस गर्दा समावेशी नभएको भन्दै आलोचना भएको थियो । यस्तो अवस्थामा मधेशी महिलाबाट यादव राजदूत भएकी छन् । यो मधेश र मधेशी महिलाको पनि गर्वको विषय भएको छ ।

# मुर्ली श्रीपुरमा संयुक्त सरसफाई

**मधेशदृष्टि**
**वीरगंज ।**
६९ औं प्रहरी दिवसको अवसरमा वडा प्रहरी कार्यालय श्रीपुर पर्सा र सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र मुर्ली श्रीपुर पर्साको संयुक्त आयोजनामा सरसफाई कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम वीरगंज महानगरपालिका वडा नम्बर १४ स्थित पशुपतिनाथ मन्दिर परिसरमा आयोजना गरिएको थियो ।

सार्वजनिक सरसफाई कार्यक्रममा सामुदायिक सेवा केन्द्र मुर्ली श्रीपुर पर्साका सचिव कुल नारायण प्रधानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा रुपमा वडा प्रहरी कार्यालय श्रीपुर पर्साका प्रहरी निरीक्षक गोरख बहादुर शाही, स्थानीय बासिन्दा, समाजसेवी, सञ्चारकर्मी तथा सामुदायिक सेवा केन्द्र मुर्ली श्रीपुर पर्साका सदस्यहरु मधु सिंह, जगत राई, मुनेश लायामगर लगायत सामुदायिक प्रहरी सेवा केन्द्रका प्रहरी हवल्दार सुभाष प्रसाद यादव र प्रहरी जवान अबिनेस राय लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागीहरुले प्रहरी र सामुदायिक संस्थाबीचको सहकार्यलाई निरन्तरता दिँदै आगामी दिनमा यस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाउन आवश्यक रहेको बताए ।

# उपराष्ट्रपति यादवद्वारा उद्धार कोषमा सहयोग



**मधेशदृष्टि**
**काठमाडौ ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवले अविरल वर्षापछि आएको बाढीपहिरो तथा डुवानबाट प्रभावित, पीडित परिवारको राहतका लागि एक महिनाको पारिश्रमिक बराबरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने घोषणा गरेका छन् ।

उपराष्ट्रपति कार्यालय अन्तर्गत उनका स्वकीय सचिवालयमा कार्यरत विज्ञहरु (सल्लाहकारहरु) र प्रमुख स्वकीय सचिवबाट पाँच–पाँच दिन तथा सहसचिवदेखि अधिकृत वा सोसरहको कर्मचारीबाट तीन–तीन दिनको पारिश्रमिक बराबरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरिएको छ ।

उपराष्ट्रपतिले प्राकृतिक विपद्का कारण मुलुकमा ठूलो मात्रामा भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका छन् । उनले विपद्का कारण अकालमै ज्यान गुमाउनेप्रति भावपूर्ण श्रद्धाञ्जली एवम् चिर शान्तिको कामना गर्दै आफ्ना प्रियजन गुमाएका परिवारजनप्रति गहिरो समवेदना एवम् सहानुभूति तथा घाइतेको शिघ्र स्वास्थ्य लाभको कामना गरे ।

# ‘गरिबले कसरी न्याय पाउँछन् ?’

**काठमाडौ ।**
‘न्याय महँगो भयो भन्ने आम गुनासो छ, कम खर्च र सरलरूपमा न्याय दिने र जनविश्वास वृद्धि गर्ने योजना के छ ? –यो समितिका सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले प्रस्तावित प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतलाई सोधेको प्रश्न हो ।

समितिका सदस्य कार्कीको जस्तै प्रश्न अर्का सदस्य ईश्वरी घर्तीको पनि छ । उनको प्रश्न थियो, ‘न्याय महँगो भयो, सर्वसाधारणले कसरी न्याय पाउने ?’ समितिका सदस्य डोरप्रसाद अर्यालको प्रश्न पनि कार्की र घर्तिसँग मिल्दो छ, ‘न्याय महँगो छ, गरिबले कसरी न्याय पाउने ?’ समितिका सदस्य आनन्दप्रसाद ढुङ्गानाको भनाइ थियो, ‘जनताको आङ्क्षाविपरीत न्यायालयले निर्णय गर्न भएन ।’ त्यस्तै, समितिका अर्का सदस्य लीलानाथ श्रेष्ठको पनि भनाइ उस्तै छ, ‘सर्वोच्च अदालत न्याय पाउने अन्तिम आशा र भरोसाको केन्द्र हो, त्यसले न्याय मर्न नदिनेगरी निर्णय गर्नुपर्छ ।’

समितिका सदस्यहरूको कहीँ न कहीँ न्याय पाउने प्रक्रिया सरल, सहज हुनुप¥यो र न्यायालयबाट हुने निर्णयमा धनी र गरिब भनेर छुटिनु भएन भन्नेमा नै केन्द्रित थियो । समितिका सदस्यहरूको प्रश्नमा प्रस्तावित प्रधानन्यायाधीश राउतले भने, ‘विपन्नले न्याय नपाउँदा कति प्रताडना हुन्छ, मैले महसुस गरेको छु, संवैधानिक सीमाभित्र रहेर काम गर्छु, निश्कलङ्क छवि राखेर निष्पक्ष रूपमा काम गर्छु ।’ उनले निष्पक्ष न्याय दिन सकियोस् भनेर नै सधै संवेदनशील र सचेत हुने गरेको स्पष्ट पारे ।

सिंहदबारस्थित प्रस्तावित प्रधानन्यायाधीशमा राउतको सुनुवाइका क्रममा समितिका सदस्यहरू जीवन परियार, सुनिता बराल, प्रकाश अधिकारी, जनार्दन शर्मालगायतले बार र बेन्चबीच राम्रो सम्बन्ध नभएको र न्यायपरिषद् नियमावलीको विषयमा जिज्ञासा राखे । जवाफमा प्रस्तावित प्रधानन्यायाधीश राउतले भने, ‘यसबारेमा म अध्ययन गरेर वैधानिक निकास खोज्छु ।’

समितिमा सदस्यहरूले अदालतमा बिचौलिया राख्नुपर्ने, सबैको पहुँचमा न्याय पु¥याउनुपर्ने, न्याय प्रक्रियामा सेवाग्राहीलाई राम्रो व्यवहार गर्नुपर्ने, न्याय हुनेगरी निर्णय गर्नुपर्नेलगायत विषयमा सवाल राखेका थिए । प्रस्तावित न्यायाधीश राउतले पञ्चवर्षीय र आफ्नो कार्ययोजनाअनुसार काम गर्ने बताए । उनले न्यायालय सुधार र न्यायका उपभोक्तालाई राम्रो व्यवहार गर्न सबै निकायमा निर्देशन दिने समितिसमक्ष प्रतिबद्धता व्यक्त गरे ।

**प्रस्तावित प्रधानन्यायाधीशको कार्ययोजना**

संसदीय सुनुवाइक्रममा प्रस्तावित प्रधानन्यायाधीश राउतले २४ बुँदे कार्ययोजना प्रस्तुत गरेका थिए । कार्ययोजनामा नेपालको संविधान, न्याय प्रशासनसम्बन्धी प्रचलित कानून, न्यायपालिकाको पाँचौँ पञ्चवर्षीय रणनीतिक योजना, न्यायपालिका तथा न्याय प्रशासनको सुधारका लागि काम गर्ने उल्लेख छ ।

विसं २०६१ मा न्यायपालिकामा रणनीतिक योजना लागू गर्दाको अवस्थामा अदालतमा जम्मा मुद्दाको वार्षिक लगत एकलाख सातहजार छ सय ४१ थान रहेकामा २०८१ असार मसान्तमा आइपुग्दा तीन लाख ६९ हजार दुई सय नौ पुगेको छ । त्यतिबेला मुद्दाको वार्षिक फछ्र्यौट ५३ हजार आठ सय १२ थान रहेकामा अहिले दुई लाख, आठ हजार, एक सय ८४ थान रहेको छ । यस हिसाबले अदालतको कार्यबोझ तीन गुणाले बढेको र फछ्र्योटसमेत सोही अनुपातमा वृद्धि भएको छ । सर्वोच्च अदालतमा अहिले करिब २५ हजार मुद्दा रहेका छन् ।

न्यायालय सुधारका योजनामा न्यायपालिकाको पाँचौँ रणनीतिक योजनाले सर्वोच्च अदालतको मुद्दा फछ्र्योट तथा पुराना बक्यौता मुद्दाको न्यूनीकरण सम्बन्धमा निर्धारण गरेका लक्ष्य हासिल गर्नेगरी मुद्दा व्यवस्थापनका उपयुक्त एवम् प्रभावकारी उपायहरूको अवलम्बन गरिने रहेको छ । सर्वोच्च अदालतमा मुद्दाको कार्यबोझ कम गर्न अदालतहरूको क्षेत्राधिकारसम्बन्धी विद्यमान व्यवस्थामा परिमार्जनका लागि अध्ययन गरी कार्यान्वयन गर्ने, संवैधानिक इजलासको कार्यसञ्चालनको प्रभावकारिताका लागि इजलासको सञ्चालन र कारबाही प्रक्रियालगायत विषयमा अध्ययन गरी कार्यान्वयन गर्ने रहेको छ ।

पुराना बक्यौता मुद्दा लक्ष्यबमोजिम फछ्र्योट गर्न पेशीलगायत बक्यौता मुद्दाको व्यवस्थापनसम्बन्धी विशेष कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने, मुद्दाको प्रकृति, विषयवस्तु र मुद्दामा रहेको विवादित बिषयको गाम्भीर्यताका आधारमा बहसको समय निर्धारणलगायत सुनुवाई व्यवस्थापनलाई प्रभावकारी बनाउने उपायहरूको अवलम्बन गर्ने रहेको छ । भौगोलिक विकटतालाई प्राथमिकतामा राखी अदालतमा भिडियो कन्फरेन्सिङमार्फत बहसलगायत मुद्दाको कारबाही र सुनुवाइ गर्ने कार्यलाई क्रमशः विस्तार गर्ने, मुद्दाको कारबाहीको अवस्थासम्बन्धी जानकारी एसएमएस तथा मोबाइल एप्समार्फत मुद्दाको पक्षलाई उपलब्ध गराउने कार्यलाई थप प्रभावकारी बनाउने रहेको छ ।

कार्ययोजनामा वैतनिक कानून व्यवसायी तथा स्वेच्छिक निःशुल्क कानुनी सेवा (प्रोबोनो) लाई थप प्रभावकारी बनाई लक्षित वर्गलाई गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक कार्यक्रमको निर्माण र कार्यान्वयन गरिने उल्लेख छ । पीडित न्यायप्रणालीको प्रवद्र्धनका लागि उपयुक्त कार्यक्रमको निर्माण र कार्यान्वयन गरिने, मुद्दाको कारबाहीका क्रममा अपराधपीडितको सुरक्षा, सूचना, गोपनीयता, आत्मसम्मान, निःशुल्क कानूनी सहायतासम्बन्धी हकको व्यावहारिक कार्यान्वयनको लागि दिग्दर्शन बनाई लागू गर्ने रहेको छ ।

त्यस्तै, पीडितले पाउने अन्तरिम राहत तथा क्षतिपूर्ति रकम भराउने कार्यलाई शीघ्र, सहज र सम्मानजनक बनाउन सोसम्बन्धी प्रक्रियालाई सरलीकृत गर्ने, न्याय प्रणालीलाई लैङ्गिकमैत्री तथा सामाजिक समावेशी बनाउन उपयुक्त रणनीतिहरू अख्तियार गरी प्रभावकारी कार्यान्वयन गरिने रहेको छ । न्यायपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी रणनीतिको निर्माण गरी लागु गर्ने, अदालतका भौतिक संरचना र कार्यवातावरण लैङ्गिकमैत्री बनाई लैङ्गिक हिंसा वा दुव्र्यवहार हुन नपाउने व्यवस्था गर्ने र न्यायपालिकामा कार्यरत महिला न्यायाधीश तथा महिला कर्मचारीको व्यावसायिक क्षमता तथा नेतृत्व विकासका लागि कार्यक्रम सञ्चालन गर्ने रहेको छ ।

न्यायाधीश नियुक्तिमा संविधानको भावनाअनुरूप समावेशी प्रतिनिधित्वको सुनिश्चितता गर्ने, न्यायाधीशको नियुक्ति संविधान र कानुनबमोजिम निर्धारित अवधिभित्र सम्पन्न गरी अदालतहरूमा न्यायाधीशको कमी हुन नपाउने अवस्था सुनिश्चित गर्ने, न्यायाधीशउपर परेका उजुरीहरूको छानबिन र कारबाही सोसम्बन्धी कार्यविधिका आधारमा शीघ्रतापूर्वक सम्पन्न गर्ने उल्लेख छ ।

संवैधानिक परिषद्को भदौ ३१ गते बसेको बैठकले प्रधानन्यायाधीशमा राउतलाई सिफारिस गर्ने निर्णय गरेको थियो । सर्वोच्च अदालतका वर्तमान प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको यही असोज १९ गते पदावधि सकिँदैछ । समितिले अनुमोदन गरेपछि राष्ट्रपतिले प्रधानन्यायाधीशको नियुक्ति गर्ने संवैधानिक व्यवस्था रहेको छ । रासस

# नेतृत्व तहमासमेत जोड दिउँः अर्याल

**काठमाडौ ।**
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले ३० वर्षमा निजामती क्षेत्रमा महिला नेतृत्व वृद्धि ३३ प्रतिशत पुग्नु सकारात्मक रहेको बताएकी छिन् ।

सञ्चारिका समूहले गरेको ‘सञ्चारिका टक्स् सिरिजः टुगेदर वि लिड’ विषयक सामूहिक छलफलमा सचिव अर्यालले छोटो अवधिका लागि लीलादेवी गर्तौला मुख्यसचिव भए पनि भावी समयमा महिला प्रमुख सचिव हुने बाटो खुलेको बताउनुभयो । यद्यपि संविधानले परिकल्पना गरेजस्तो समान सहभागिता अझै पर्याप्त नरहेको बताउँदै सचिव अर्यालले आरक्षण कोटालाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिइन् । ‘निजामती सेवामा महिला सहभागिता बढ्दो छ, तर यही नै पर्याप्त भने होइन,’ उनले भनिन्, ‘यसका लागि आरक्षण कोटालाई अझै वृद्धि गर्न जरुरी छ ।’

सामूहिक छलफलमा सचिव अर्यालसँगै पूर्वउपसभामुख शिवमाया तुम्बाहाम्फे, उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष भवानी राणा, सञ्चारकर्मी नम्रता शर्माको सहभागिता थियो । छलफलमा सञ्चारकर्मी निमा काफ्ले मध्यस्तकर्ताको भूमिका निर्वाह गरेकी थिइन् । पूर्वउपसभामुख तुम्वाहाम्फेका अनुसार महिलाको नेतृत्व विकास गर्नु भनेको राज्यको समृद्धिमा टेवा पु¥याउनु हो । समावेशीको अभियानलाई साकार पार्न पुरुषको सहकार्यविना असम्भव रहेको बताउँदै उनले सबैको साथको आह्वान गरिन् ।

उद्योगपति राणाले आफू महासङ्घमा पहिलो महिला नेतृत्वको भूमिका निर्वाह गर्दाको अनुभव साट्दै पुरुषको साथले नै त्यहाँसम्म पुग्न सफल भएको बताइन् । ‘मलाई मत दिनेहरू पुरुष मित्र धेरै हुनुहुन्थ्यो, महिला नेतृत्वलाई सबैले स्वीकार गरेमात्रै सफल हुन सकिन्छ,’ उनले भनिन् । सञ्चारकर्मी शर्माले मिडियामा महिला नेतृत्वका मुद्दा कसरी र कति उठाउँदै आइएको छ भन्नेबारे धारणा राखिन् । उनले महिलावादी आन्दोलनलाई मिडियाले साथ दिएको छ तर, नेतृत्व तहसम्म पु¥याउने विषयमा अझै कमजोरी रहेको बताइन् ।

सञ्चारिका समूहकी पूर्वअध्यक्ष निर्मला शर्माले पत्रकार महिलाको सहभागितासँगै नेतृत्व तहमा पु¥याउन पहल गर्नुपर्ने धारणा राखिन् । नेपाल टेलिभिजनका नायब महाप्रबन्धक आरती चटौतले महिला नेतृत्व र पहुँचबिना संविधानले परिकल्पना गरेको सामाजिक न्यायको भाव अपूरो रहने बताइन् ।

खाद्यविद् डा. यमुना घलेले वर्तमान संविधानले महिला सहभागितामा जोड दिएको भए पनि स्वामित्व कायम हुन नसक्दा नेतृत्व विकास भएको भन्न नमिल्ने बताइन् । सञ्चारकर्मी उषा लोहनी, मधेशी आयोगका सदस्य रेणु साहले महिला सशक्तीकरण समाज विकासको खुड्किलो हुने धारणा राखे । सञ्चारिका समूहकी अध्यक्ष बिमला तुम्खेवाले सञ्चारमा महिलाको विकास बढ्दो रहेको र सम्पादकीय पहुँचमा पु¥याउन सञ्चारीका निरन्तर सङ्घर्षरत रहेको बताइन् । रासस

# कांग्रेसका भ्रातृ संस्थाको महाधिवेशन गर्न तीन निर्देशन समिति



**काठमाडौँ ।**
नेपाली कांग्रेसले पार्टीका भ्रातृ संस्थाका महाधिवेशन निर्धारित सम्पन्न गर्न गराउनका लागि विद्यमान तदर्थ समितिलाई समन्वय र सहयोग पुर्याइ आवश्यक निर्देशनसमेत गर्न विभिन्न तीन समिति गठन गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिको गत साउन २३ गतेको निर्णय बमोजिम पार्टी सभापति शेरबहादुर देउवाले बुधबार नेपाल महिला सङ्घ, नेपाल तरूण दल र नेपाल विद्यार्थी सङ्घको महाधिवेशन आगामी चैत मसान्तसम्ममा अनिवार्य रूपमा सम्पन्न गर्न निर्देशन समिति गठन गरेका हुन् ।

नेपाल महिला सङ्घ महाधिवेशन केन्द्रीय निर्देशन समितिको संयोजकमा सहमहामन्त्री उमाकान्त चौधरी तथा सदस्यमा केन्द्रीय सदस्यद्वय पुष्पा भुसाल र रुक्मिणि कोइराला रहेका छन् । त्यस्तै नेपाल तरुण दल महाधिवेशन केन्द्रीय निर्देशन समितिको संयोजकमा सहमहामन्त्री महालक्ष्मी उपाध्याय ‘डिना’ तथा सदस्यमा केन्द्रीय सदस्यद्वय र सरिता प्रसाइं र जीतजङ्ग बस्नेत रहेका छन् ।

नेपाल विद्यार्थी सङ्घ महाधिवेशन केन्द्रीय निर्देशन समितिको संयोजकमा सहमहामन्त्री किशोरसिंह राठौर तथा सदस्यहरूमा केन्द्रीय सदस्यद्वय राजिव ढुङ्गाना र प्रतिमा गौतम रहेको पार्टीले जनाएको छ । रासस

**"नाम परिवर्तन भएको सुचना"**

यस जय माँ दुर्गा इन्टरनेशनल प्रा.लि को नाम परिवर्तन गरि बायोकेम हेल्थ केयर प्रा.लि बनाउने र जय माँ दुर्गा इन्टरनेशनल प्रा.लि को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्नु बुझाउनु पर्ने कर दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने निर्णय स्वीकृतिका लागि कम्पनी रजिस्ट्रारको कार्यालयमा पेश गरिएकोमा कम्पनी रजिस्ट्रारको कार्यालयले मिति २०८१/०६/१६ गते कम्पनीको नाम बायोकेम हेल्थ केयर प्रा.लि बनाउने स्वीकृति दिएकोले यस कम्पनीको नाम परिवर्तन भई बायोकेम हेल्थ केयर प्रा.लि कायम भएको ब्यहोरा जानकारी गराइन्छ ।

# गान्धीको सिद्धान्तबाट विश्वमा शान्तिः साह




मिश्रीलाल मधुकर
**जनकपुरधाम ।**
संविधानसभा सदस्य तथा नेपाल सरकारका पूर्व राज्यमन्त्री अरविन्द साहले विश्व मानव महात्मा गान्धीको सिद्धान्तले मात्र विश्वलाई बचाउन सकिने बताएका छन् । उनले सत्य र अहिंसा महात्मा गान्धीका दुई आधारभूत सिद्धान्त भएको र विश्व विनाश उन्मुख भइरहँदा इजरायल, प्यालेस्टाइन, रुस र युक्रेनबीच चलिरहेको युद्ध उदाहरण भएको बताए ।

गान्धी सेवा आश्रम बसियामा महात्मा गान्धीको १ सय ५५ औँ जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रममा साहले यस्तो बताएका हुन् । साहले आणविक हतियारको विस्फोटका कारण विश्व विनाशको कगारमा रहेको बताए । उनले भने, ‘यस्तो समयमा गान्धीजीको सत्य र अहिंसाको सिद्धान्तले संसारलाई बचाउन सक्छ । गान्धीजीले अहिंसाको बलमा मात्र भारतलाई स्वतन्त्र गराए ।’गान्धीजीका शिष्य तुलसी मेहर श्रेष्ठले गान्धी सेवा आश्रम स्थापना गरेको साहले बताए । तर आज गान्धी सेवा आश्रमको अवस्था दयनीय छ । घरजग्गा अतिक्रमण भइरहेको छ । विशेष अतिथि नरेन्द्र मोदी विचार मञ्च नेपालका अध्यक्ष सत्यनारायण साहले गान्धीको सम्पदा जोगाउन बसियाका स्थानीयवासी अगाडि बढ्नुपर्ने बताए ।

जनकपुरधाम उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष अम्बुप्रसाद साहले गान्धी सेवा आश्रम बसियालाई पर्यटकीय रुपमा विकास गर्न पहल गर्नुपर्ने बताए । रामधर राईको अध्यक्षतामा भएको जन्मजयन्ती समारोहमा श्याम साह, दिलीप साह, गोपाल साह, राघवेन्द्रलाल कर्ण, रामचन्द्र पञ्जियार, ऋषिराज दाहाल, जगदीश महतो, सुनिल यादवलगायतका विभिन्न व्यक्तित्वले आफ्नो धारणा राखेका थिए ।

# दुवै भन्सार नाका नियमित रुपमा सञ्चालन

**मधेशदृष्टि**
**वीरगंज र**
अविरल वर्षासँगै आएको बाढीपहिरो र डुबानको बाबजुत पनि वीरगञ्जका दुवै भन्सार नाका नियमित रुपमा सञ्चालन हुँदै आइरहेका छन् । पहिरोका असर मुलुकका प्रमुख राजमार्गमा देखिँदा पनि वीरगंजका भन्सार कार्यालयमा भन्सार जाँचपासको प्रक्रिया भने अहिलेसम्म रोकिएका छैनन् । मुलुकको कुल आयातमध्ये वीरगंज भन्सार कार्यालय मातहतको एकीकृत जाँचचौकी र सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट झन्डै आधा आयात हुने गर्छ तर अहिलेसम्म यी दुवै नाकामा निर्बाध रुपमा आयात–निर्यात भइरहेको छ । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले बाढीपहिरोले राजमार्ग अवरुद्ध भए पनि भन्सार जाँचपासको प्रक्रिया रोकिने काम नभएको बताए । प्रमुख भन्सार प्रशासक लामिछानेले सडक अवरुद्ध भएको कारणले भन्सार जाँसपास गरेका सामान गन्तव्यमा पु¥याउन पाइएन भन्ने खालका गुनासा अहिलेसम्म नआएको दाबी गरे । वीरगंज भन्सार नाका हुँदै करिब ६० प्रतिशत पेट्रोलियम पदार्थ र सवारीसाधन आयात हुनेगर्छ । वीरगंज भन्सार कार्यालयका अनुसार चालु आर्थिक वर्षको असोज १५ गतेसम्मको अवधिमा ४३ अर्ब ७० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा सो अवधिसम्म कुल लक्ष्यको ७४ दशमलव ४७ प्रतिशत अर्थात् ३२ अर्ब ५४ करोड ५५ लाख राजस्व सङ्कलन भइसकेको छ । असोज महिनामा मात्रै १७ अर्ब ४२ करोड लक्ष्य राखिएकामा छ अर्ब ९५ करोड राजस्व सङ्कलन भइसकेको छ । बाढीका कारणले वीरगंज भन्सार कार्यालय मात्रै नभई सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयमा पनि कुनै असर नपारेको बताइएको छ । सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगंजका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले अविरल वर्षापछि पनि भन्सार जाँचपासको काम भने नरोकिएको बताए । प्रमुख भन्सार अधिकृत बरुवालले चाडपर्वको बेला भएकाले पनि व्यवसायीले जाँचपास गराउने काम धमाधम गरिरहेको बताए । प्रमुख भन्सार अधिकृत बरुवालले राजमार्ग अवरुद्ध भएर गाडी नपाउने समस्या भएको खण्डमा अबका केही दिनभित्रै भन्सार जाँचपासमा समस्या देखिन सक्ने दाबी गरे । भन्सार विभागले सुक्खा बन्दरगाह भन्सार कार्यालयलाई असोज महिनाका लागि मात्रै चार अर्ब ८३ करोड २० लाख ४८ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ । तर असोज महिनाको १५ दिनको अवधिमा मासिक लक्ष्यको ४८ प्रतिशत राजस्व सङ्कलन गरिसकेको छ । सुक्खा बन्दरगाह कार्यालयले औसतमा दैनिक १५ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखे पनि अहिले औसतमा सरदर ११ देखि १२ करोडको हाराहारीमा सङ्कलन हुँदै आइरहेको छ ।

# भन्सार छलीका सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय बाराले बरामद गरेको भन्सार छलीका सामान पक्राउ गरी आवश्यक कारबाही अघि बढाएको छ । बारा प्रहरीले जिल्लाका फरकफरक स्थानहरुबाट ५ लाख ५५ हजार ८८५ मूल्य बराबरका सामान पक्राउ गरि आवश्यक कारबाही अघि बढाएको हो । जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरी टोलीले चलाएको जाँच अभियानका क्रममा बिल बिजक भन्दा बढी र बिल भरपाइ नभएका सामान नियन्त्रणमा लिएको प्रहरी प्रवक्ता प्रकाश सापकोटाले जानकारी दिनुभयो । इलाका प्रहरी कार्यालय अमलेखगञ्जको टोलीले जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २१ बाट दुइ लाख ८० हजार मूल्य बराबरका १४० पिस 'एयरबर्डस्' बरामद गरेको जनाएको छ । गौरबाट काठमाण्डौंतर्फ जाँदै गरेको ना ७ ख ९१४१ नम्बरको यात्रुवाहक बसबाट उक्त मूल्यका एयरबर्डस् बरामद गरेको प्रहरीको भनाइ छ । यसैगरी जीतपुरसिमरा–१ पथलैया चोकबाट ल्वाङ १ बोरा, धनिँया १८ बोरा, मेथी २ बोरा, जिरा ८ बोरा, खुर्सानी ६ बोरा, मोनो सोडियम ग्लुटेमेट १० बोरा बरामद भएको छ । प्रहरी चौकी पथलैयाको टोलीले बीरगन्जबाट गोरखातर्फ जाँदै गरेको ग १ ख ६०७० नम्बरको बसमा लोड रहेको अवस्थामा दुइ लाख ७५ हजार ८८५ रुपँया बराबरका ती सामान नियन्त्रणमा लिएको जनाएको छ । बरामद सामानहरु आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ ।

# विद्यालय व्यवस्थापनका लागि अक्षयकोष शुरुवात

**मधेशदृष्टि**
**वीरगंज ।**
सुवर्णपुरमा रहेको ज्ञानवाटिका माविले विद्यालयको दीर्घकालिन आर्थिक स्रोत व्यवस्थापनको निमित्त अक्षयकोष स्थापनाको सुरुवात गरेको छ । ठोरी गाउँपालिका वडा नम्बर ५ मा रहेको विद्यालय प्राङ्गणमा बुधवार आयोजित शुभकामना आदानप्रदान तथा अक्षय कोष उद्घाटन कार्यक्रममा ठोरी गाउँपालिकाका अध्यक्ष लाल बहादुर श्रेष्ठले अक्षयकोष स्थापनाको घोषणा गरेका छन् । विद्यालयको शैक्षिक र भौतिक लगायत पक्षको सुधारको लागि विद्यालयमा आर्थिक स्रोत व्यवस्थापन गर्न ५० लाखको अक्षयकोष स्थापना गर्ने अभियान थालिएको हो । अक्षयकोषमा स्वेच्छिक दान रकम संकलन गरेर ब्याज रकम विद्यालयको सुधारमा खर्च गरिने कार्यक्रममा जानकारी गराइएको थियो । कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै अध्यक्ष श्रेष्ठले विद्यालयको सुधारमा पालिकाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । यस्तै गाउँपालिका उपाध्यक्ष गोकुली कुमारी रेग्मीले अक्षयकोष स्थापना गर्ने अभियानको प्रशंसा गर्दै सहयोगको प्रतिबद्धता व्यक्त गरे । यस्तै अक्षयकोषमा ३० हजार व्यक्तिगत सहयोगको घोषणा गर्दै ठोरी गाउँपालिका वडा नम्बर ५ का वडाध्यक्ष अष्ट बहादुर लोप्चनले विद्यालयको विकासमा दलीय आस्था नहेर्न सहभागी सबैसँग आग्रह गरे । त्यसैगरी कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली काङ्ग्रेस ठोरीका सभापति सन्तोष श्रेष्ठले सामाजिक काम गर्दा आलोचना आउनु स्वभाविक भएको बताउँदै अक्षयकोष स्थापनाको अभियानबाट पछि नहट्न विद्यालय व्यवस्थापन समितिलाई आग्रह गरे । सो अवसरमा सभापति श्रेष्ठले २५ हजार सहयोगको घोषणा गर्दै निकट भविष्यमा आफुले प्रकाशन गर्न लागेको लेखहरुको संग्रहबाट उठ्ने रोयल्टी रकम समेत कोषमा हस्तान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरे । यसैगरी सोही कार्यक्रममा नेकपा एमाले ठोरीका अध्यक्षले अक्षयकोषको प्रवद्र्धन र विकासका लागि व्यक्तिगत र पार्टीबाट समेत सहयोग गर्ने घोषणा गरे । कार्यक्रममा सुवर्ण बचत तथा ऋण सहकारीका अध्यक्ष सुन लामाले २५ हजार ५ सय २५ सहयोगको घोषणा गरे । विद्यालय व्यस्थापन समितिका अध्यक्ष चन्द्र बहादुर नेवारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न संघसंस्थाका प्रतिनिधीहरुको सहभागिता रहेको थियो ।

# छुट्टाछुट्टै कार्यक्रममा १ सय ३९ जनाद्वारा रक्तदान




**मधेशदृष्टि**
**वीरगंज ।**
दुर्गा पुजा सेवा समिति रानीघाटको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । वीरगंज महानगरपालिका वडा नम्बर ११ रानीघाटमा हरेक वर्ष जस्तै यस वर्ष पनि दुर्गा पुजा सेवा समितिले रक्तदान कार्यक्रमको आयोजना गरेको हो । समितिका अध्यक्ष शतिश सिंह राजपुतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा ६ जना महिलासहित ७९ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभराज पाण्डेले जानकारी दिए । पाण्डेकाअनुसार सुमन श्रीवास्तव, सुष्मा सिंह, स्नेहा साह, सिम्रीका गुप्ता, शतिष सिंह राजपुत, मनिष सर्राफ, सुनिल गुप्ता, अर्जनु महतो, विवेक चौधरी, सुधिर सिंह राजपुत, रामबाबु साह लगायतले रक्तदान गरेका छन् । समितिले २२ औँ पटक रक्तदान कार्यक्रमको आयोजना गरेको अध्यक्ष राजपुतले बताए । रगतको अभावलाई परिपूर्ती गर्न समितिले रक्तदान कार्यक्रमलाई निरन्तरता दिँदै आएको उहाको भनाई छ ।

यसैबीच वडा दशैं शुभदिपावली तथा छठ पर्बको उपलक्ष्यमा बाराको परवानिपुर गाउँपालिका बडा नम्बर ५ नौतनमा रहेको एल.एस.न्युरो एन्ड जेनेरल हस्पिटल प्रा.ली. द्वारा बृहत खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा ७ महिला सहित ६० जना रक्तदाताहरुले रक्तदान गरेका थिए । रक्तदान गर्नु हुनेमा महेश साह, दिपेश साह, विकाश पटेल, सन्तोष कुमार, डा.प्रबिन कुशवाहा, रामएकवाल कुशवाहा, बिरेन्द्र प्रसद कुर्मी, सिकन्द्र ठाकुर, सुनिल यादव, सागर कुमार साह, दिनेश राम, बिनु देवी लगायत रहेका छन् । एल.एस.न्युरो एन्ड जेनेरल हस्पिटल प्रा.ली का संचालक डा.राम प्रवेश प्रसाद कुर्मी अध्यक्षतामा सम्पन्न कार्यक्रममा परवानीपुर गाउँपालिकाको मेयर राम क्षेत्री पटेल , नेपाली काङ्ग्रेस बाराका क्षेत्रीय सभापति लोकेश सिंह, तरुणदल बाराका अध्यक्ष दिपेन्द्र पटेल, तरुणदलको केन्द्रिय सदस्य राज किशोर गुप्ता लगायतको उपस्थिति रहेको थियो ।

# कौवावन कटेयामा रामजानकी मन्दिरको शिलान्यास



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवा प्रसानी गाँउपालिका वडा नम्बर ३ कौवावन कटेयामा बुधबार रामजानकी मन्दिरको शिलान्यास गरिएको छ । गाँउपालिका अध्यक्ष यशवन्त यादवले हिन्दू रीतिरिवाज अनुसार पूजापाठ गरेर मन्दिरको शिलान्यास गरेका हुन् । गाँउपालिका स्तरीय बजेटबाट १५ लाख रुपैयाँको लागतमा कटैयामा रामजानकी मन्दिरको निर्माण गर्न लागिएको हो ।शिलान्यास कार्यक्रममा गाँउपालिका अध्यक्ष यादवले मन्दिर निर्माण लाग्ने अपुग रकम थप गरिने प्रतबद्धता जनाए । साथै उक्त मन्दिर बनिसकेपछि त्यसकै छेउमा पार्वती मन्दिरपनि गाँउपालिकाले निर्माण गर्ने घोषणा गरे ।

यादवकै प्रमुख आतिथ्यतामा भएको मन्दिर शिलान्यास कार्यक्रममा वडा नम्बर ३ का वडाध्यक्ष मुजालिम अन्सारी, पूर्व वडाध्यक्ष अनरुद्र पटेल, मन्दिर निर्माण उपभोक्ता समितिका अध्यक्ष रामचन्द्र राउत कुर्मी लगायतको पनि सहभागिता थियो ।

# पर्वका लागि छुट मूल्यमा चामल बिक्री शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नजिकिँदो पर्वलाई लक्षित गरी सरकारीस्तरबाट सहुलियत तथा छुट मूल्यमा जनकपुरधाममा चामल बिक्री शुरु भएको छ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको प्रादेशिक कार्यालय जनकपुरधामले सहुलियत मूल्यमा चामल बिक्री शुरु गरेको हो । सो कार्यालयका कार्यालय प्रमुख गङ्गाप्रसाद साहका अनुसार अरुवा सोना मन्सुली तथा बासमती चामल सहुलियत तथा छुट मूल्यमा बिक्री शुरु भएको छ । अरुवा सोना मन्सुली प्रतिकेजी ६० रुपैयाँ तथा बासमती चामल प्रतिकेजी ११८ रुपैयाँका दरले मूल्य निर्धारण गरिएको छ । उक्त मूल्य बजार मूल्यभन्दा प्रतिकिलो पाँच रुपैयाँले सस्तो हो ।

मुजेलियास्थित खाद्यको कार्यालय हाताभित्र बुधबारदेखि शुरु भएको सहुलियत दरको चामल बिक्री माघ २ गतेसम्म रहने प्रमुख साहले जानकारी दिए । सो सहुलियत तथा छुट मूल्यका लागि २०० क्विन्टल चामलको कोटा निर्धारण गरिएको छ ।

# हनुमाननगर–राजविराज सडक जीर्ण



**मधेशदृष्टि**
**सप्तरी ।**
दशैँ, तिहार जस्ता चाडबाड नजिकिँदै गर्दा जिल्लाको मुख्य सडकहरु मर्मत हुन सकेका छैनन् । हनुमाननगर–राजविराज सडक खण्ड जीर्ण हुँदा यात्रुहरु जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । सदरमुकाम राजविराजदेखि पूर्व भारदहस्थित पूर्व–पश्चिम राजमार्गसँग जोडिने उक्त सडकमा ठूल्ठूला खाल्डो हुँदा सवारीसाधन आवतजावतमा समस्या भएको बस चालक बताउँछन् । मंसापुर भन्ने स्थानमा पाँच÷छ वर्षदेखि सडकमा ठूल्ठूला खाल्डो हुँदा पनि सडक विभागले सडक मर्मत नगरेको स्थानीय शैलेन्द्र सिंहले बताए । सडेपार र मंसापुरको बिचमा अवस्थित सडकमा रहेको खाल्डोका कारण सामान्य वर्षा हुँदा पनि पानी जमेर पोखरी बन्ने गर्छ । सप्तरीका प्रसिद्ध दुई शक्तिपीठ रहेकाले यही सडक भएर दशैंमा हजारौं भक्तजन यात्रा गर्ने गर्छन् । भारदहस्थित कङ्कालिनी मन्दिर र राजविराजदेखि ११ किलोमिटर दक्षिणमा अवस्थित छिन्नमस्ता भगवती मन्दिरमा दसैँमा भीड लाग्ने गर्दछ । तर यिनै मन्दिर पुग्ने सडकको अवस्था नाजुक हुँदा आवतजावतमा समस्या भएको सवारी चालक रमेन यादव बताए । उनले भने, 'राजविराजदेखि हनुमाननरसम्मको १४ किलोमिटर सडक गुणस्तरहीन भएकाले पुरै भत्किएर जीर्ण छ । सडकमै पोखरी छिचोल्दै गाडी चलाउनुपर्ने बाध्यता छ । कतिखेर गाडी पल्टिन्छ टुङ्गो हुन्न ।' खासगरी मोटरसाइकल, अटो, सिटी रिक्सालगायतका सवारीसाधन गुडाउन बढी जोखिम रहेको यात्रुहरु बताउँछन् । वर्षौंदेखि जीर्ण सडकका कारण धुलो उड्दा स्वास्थ्यमासमेत असर गरेको स्थानीयवासीको गुनासो छ ।

# समोसामा कीरा भेटिएपछि २० हजार रुपैयाँ जरिवाना

**मधेशदृष्टि**
**सिरहा ।**
ग्राहकको स्वास्थ्यमाथि पटकपटक खेलवाड गरेको भन्दै लहानको माखन भोग होटललाई खाद्य तथा गुण नियन्त्रण कार्यालयले २० हजार रुपैयाँ जरिवाना गरेको छ । लहान नगरपालिकाका उपप्रमुख रामचलितर महतोको नेतृत्वमा मङ्गलबार गरिएको बजार अनुगमनका क्रममा उक्त होटलका समोसामा कीरा फेला परेपछि जारिवाना गरिएको हो । उपप्रमुख महतोको नेतृत्वमा खाद्य तथा गुण नियन्त्रण कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, राष्ट्रिय उपभोक्ता मञ्चसहितको संयुक्त टोलीले अनुगमन गरेको हो । अनुगमन टोलीले कृष्णा सप्लायर्समा पनि लाखौँ मूल्य बराबरका म्याद गुज्रिएको पेयपदार्थ फेलापरेको छभने ऋषिजल पानी कम्पनीले 'मिनरल वाटर'को मूल्य बढी राखेर उपभोक्तालाई बिक्री गर्ने गरेको फेला पारेको छ । कृष्णा सप्लायर्सलाई तीन दिनभित्र म्याद गुज्रिएका एक लाख २५ हजार छ सय ८० मूल्यका कोक, स्प्राइट र बियरसहितका पेयपदार्थ नष्ट गर्न समय दिएको छभने ऋषिजल पानी कम्पनीलाई स्पष्टीकरण सोधेको छ । संविधानको अनुसूची ६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय बजार अनुमगन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएको छ ।

सम्पादकीय

# बाढीपहिरोको चपेटामा देश र मधेश

राज्यको प्रारम्भिक अनुमानमा १७ अर्ब रुपैयाँ बराबरको क्षति भएको देखिएको छ । बिहीबारदेखि आइतबार साँझसम्म परेको वर्षाका कारण उत्पन्न बाढीपहिरोबाट १७ अर्बको क्षति भएको सरकारले जानकारी दिएपछि यसको आँकडा हेर्ने हो भने यो निकै ठूलो हो । तर प्रदेश सरकार, स्थानीय सरकार, केन्द्र सरकार र कर्मचारी संयन्त्रको फजुल खर्च हेर्ने हो हो भने यो केही पनि होइन । केहीदिन अघि प्रभु साहले भनेको दशैँ भत्ता मात्रै नबाँड्ने हो भने ३० अर्ब रुपैयाँ बचत हुन्छ, त्यसको आधा पैसाले अहिलेको बाढीपहिरोको क्षति परिपूरण हुन्छ । तर दृश्यमा हेर्ने हो भने अहिलेसम्म उद्धारमै मेहनत गर्नु परेको छ । त्रिपाल पनि नपुगेका कथा छदैँछन् । मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा पत्रकार सम्मेलन गर्दै मुख्यसचिव एकनारायण अर्यालले दिएको जानकारीमा बाढीपहिरोबाट २१ जिल्ला प्रभावित भएको छ । सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, धादिङ, काठमाडौ, ललितपुर, सिन्धुली, मकवानपुर बढी प्रभावित भएको छ । बाढीपहिरोबाट २ सय ३२ जनाको मृत्यु भएको छ । २३ जना अझै बेपत्ता छन् । राज्यको सूचना अनुसार, विपद्मा परेर १ सय ५८ जना घाइते भएका छन् । विपद्पछि खोज तथा उद्धारका लागि ३० हजार ७ सय ३१ प्रहरी परिचालन गरिएको थियो ।

सरकारी तथ्यांक अनुसार, भौतिक पूर्वाधारतर्फ खानेपानीका संरचनामा ३ अर्ब ५५ करोडको क्षति पुगेको छ । सडक संरचनामा २ अर्ब ५२ करोड, ऊर्जाका पूर्वाधारमा ४ अर्ब रुपैयाँको नोक्सानी भएको प्रारम्भिक विवरण छ । मधेशमा मात्रै कृषिमा ५ अर्ब ३४ करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान छ । सिँचाइका पूर्वाधारमा एक अर्ब रुपैयाँ बराबर क्षति पुगेको छ । बाढीपहिरोपछि ३७ राजमार्ग अवरूद्ध भएकामा धमाधम सञ्चालनमा ल्याउने प्रयास भइरहेको छ । ऊर्जातर्फ १६ वटा जलविद्युत आयोजनामा क्षति पुगेको छ । १ हजार १ सय ३९ मेगावाट क्षमताका १८ वटा निर्माणाधीन जलवियुत परियोजनामा पनि क्षति पुगेको छ । ५ प्रमुख प्रसारण टावरमा क्षति पुगेको छ । नेपाल दूरसञ्चार कम्पनीको ३१२ साइटमा पनि क्षति पुगेको छ । यो प्रारम्भिक जानकारी मात्रै हो । अझै क्षतिको विवरण अपडेटमा सरोकारवाला निकाय लागिरहेको छ । १७ अर्ब रुपैयाँ भन्दा बढी क्षति भएको विवरण ठूलो रकम भए पनि सबैले हातेमालो गर्ने हो भने यो रकम जुटाउन सकिन्छ । तर बुधबारसम्म कोही पनि विदेशी निकायले रकम सहयोगको घोषणा गरेका छैनन् ।

नेपालमै पनि दलहरुको स्वघोषणा, पार्टीका प्रदेश र संघीय सांसदहरुको पारिश्रमिकबाहेक अन्य सामाजिक संस्थाहरु त्रिपाल, दाल चामलमा सीमित देखिन्छन् । हरेक दशक नेपालमा बाढीपहिरोको पीडामा देश र मधेश परिरहेको छ । यसबाट बच्न सकिने अवस्था छैन । खोलानाला किनारामा बस्ती बाक्लिँदै गएको छ भने यसले खोलामा बाढी आउँदा बस्ती जोखिममा पर्ने गरेको छ । अर्कातिर खोला बस्तीमा आएको कि बस्ती खोलातिर गएको भन्ने पनि छ । प्राकृतिक बहाव रोकेर गरिएको बदमासीका कारण जनधनको क्षति बढिरहेको छ । यो रोक्न हामी सबै सचेत हुनपर्छ ।

# दिगो शान्तिका लागि गान्धीको पथप्रदर्शन



हरिविनोद अधिकारी

महात्मा गान्धी अर्थात् मोहनदास करमचन्द गान्धीको सन् १८६९ अक्टोबर २ तारिख गुजरातको पोरबन्दरमा जन्म भएको थियो। अङ्ग्रेजी साम्राज्यबाट भारतलाई स्वतन्त्रता दिलाउने एक महान् भारतीय सपुत उहाँलाई भारतका राष्ट्रपिता मानिन्छ । उहाँलाई गौतम बुद्धपछि अहिंसाका पुजारीका रुपमा यो विश्वले मानेको छ। संयुक्त राष्ट्र सङ्घले पनि अक्टुबर २ तारिखलाई अन्तर्राष्ट्रिय अहिंसा दिवसका रुपमा मनाउन थालेको छ । जो जीवनभर अहिंसाका पुजारी रहे तर स्वयम् भने आन्तरिक हिंसाका सिकार भए तर पनि आजसम्म विश्वलाई अहिंसाको माध्यमबाट मात्र समाज रुपान्तरणका गर्न सकिन्छ भनेर उत्प्रेरित गर्दैरहे। उहाँ जीवितभन्दा मृत्युपश्चात् विश्वका महान् दार्शनिकका रुपमा चित्रित गरिए। आफ्नो देशको किचलोलाई मिलाउने क्रममा नै उनको सहादत भयो, भनौँ ३० जनवरी १९४८ मा हत्या गरियो। गान्धी स्वयं हिन्दू धर्मप्रति अत्यन्तै आस्थावान भए पनि आफू एउटा राजनीतिज्ञका रुपमा भने धर्म निरपेक्ष हुनुहुन्थ्यो।

अहिंसात्मक आन्दोलनका लागि प्रोत्साहन दिने पक्ष भनेको भारतबाट बेलायतलाई बहिर्गमन हुने अवस्था सृजना गर्ने महात्मा गान्धीको सत्याग्रहबाट प्राप्त अहिंसात्मक तागत थियो। नेपाली नेताहरुले राणा हटाउनका लागि राणाको मुख्य सहयोगी अङ्ग्रेज हटाउनु पर्छ र अनि मात्र नेपालमा राणा विरोधी आन्दोलन चलाउन सकिन्छ भन्ने धारणा अन्ततः सत्य साबित भयो पनि। अहिंसात्मक आन्दोलनको बल कति हुँदो रहेछ भन्ने कुरा दक्षिण अफ्रिकाको परिवर्तनलाई पनि लिन सकिन्छ। आजको लोकतान्त्रिक बल भनेको नै अहिंसात्मक आन्दोलन हो र त्यो क्षमतालाई आजको समयमा आविष्कार गर्ने व्यक्ति भारतका राष्ट्रपिता मोहनदास करमचन्द गान्धी नै थिए। कतिसम्म भने दक्षिण अफ्रिकाको रङ्गभेद नीतिका विरुद्धमा लड्ने महामनिषी नेल्सन मन्डेलासमेत गान्धीका अनुयायी हुनुहुन्छ। संयुक्त राज्य अमेरिकाका रङ्गभेदविरोधी तथा लोकतान्त्रिक आन्दोलनका नेता मार्टिन लुथर किङ पनि गान्धीका नै अनुयायी थिए । नेपालका लोकतान्त्रिक अभियन्ताहरू, महान सहिदहरू शुक्रराज शास्त्री, दशरथ चन्द, गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा अनि महान नेताहरू बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुवर्णशंसेर, टङ्कप्रसाद आचार्य, डिल्लीरमण रेग्मी, महेन्द्रनारायण निधि, रामनारायण मिश्र आदिहरु सबै नै गान्धीप्रति नै झुकाब राख्ने थिए। अर्थात अन्ततः अहिंसाबाट नै रुपान्तरणका लागि उहाँहरु विश्वस्त थिए र त्यसैअनुसार आफ्ना कामहरु निर्देशित गरे।

जबजब हामीहरु हिंसाबाट प्रताडित हुन्छौँ, तबतब हामी अहिंसाका पुजारी महात्मा बुद्धको याद गर्दछौँ र पछिल्लो पटक अहिंसाका लागि आफ्नो ज्यान नै विसर्जन गरेका भारतका राष्ट्रपिता महात्मा गान्धीको याद गर्दछौँ। नेपालका लागि पनि गान्धी एक प्रेरणाका स्रोत नै हुनुहुन्थ्यो। नेपालमा पनि आज एउटा गान्धीको आवश्यकता परिरहेको छ, निःस्वार्थरुपमा अहिंसाका लागि सहादत दिन पनि पछि नपर्ने तर सत्यका पक्षमा अडिग रहने। सत्यलाई मात्र आफ्नो सिद्धान्त प्रयोगका लागि मुख्य औजार मान्ने।

माहात्मा गान्धी अहिले पनि वाणीविहीनहरुको वाणी बन्नुभएको छ, करोडौँ दुःखी—घरबारविहीन तर स्वतन्त्रताप्रेमी उन्नायकहरूका लागि भने जिउँदो ईश्वरका रूपमा प्रेरणाका स्रोत हुनुहुन्छ । उहाँ भन्ने गर्नुहुन्थ्यो— मलाई विश्वास छ, हिंसाको तुलनामा अहिंसा अनन्तरूपले माथि हुन्छ, दण्डको तुलनामा क्षमा नै धेरै मानवोचित वा मान्छेप्रति न्याय गर्ने एउटा सबल आधार हुन्छ। गान्धीको विचारमा सत्य एउटै हुन्छ र सत्यको स्थापना विना शान्ति सम्भव छैन। सत्यको स्थापनाका लागि हिंसा वर्जित हुन्छ र अहिंसाबाट मात्र सत्य र शान्तिको स्थापना र समृद्धि सम्भव छ।

गान्धी भारतको राष्ट्रपति पनि बन्नुभएन, प्रधानमन्त्री पनि बन्नुभएन, गभर्नर जनरल पनि बन्नुभएन तर भारतलाई औपनिवेशिक जन्जिरबाट स्वतन्त्र गराउन सक्षम भएकाले उहाँलाई कृतज्ञ भारतीयहरूले राष्ट्रपिता मान्दछन् । महान् भारतीय जनतालाई औपनिवेशिकताको कठोर कारावासबाट उन्मुक्ति दिन गान्धीले अहिंसाको अत्यन्त धारिलो हतियार प्रयोग गर्नुभयो । हजारौँ ट्याङ्क, लाखौँ बन्दुक र करोडौँ गोलीसँग लड्न उहाँले सत्य र अहिंसाको दुईधारे हतियार प्रयोग गरे। जुन उदारता र महानताका साथ गौरबशाली नेतृत्व गान्धीले प्रदर्शन गर्नुभयो◌ं, त्यसैले पोरबन्दरको एउटा बालक एक दिन महान् भारतको महात्मा गान्धी बन्नुभयो, भूगोलको सीमा चिरेर स्वाभिमानी, स्वतन्त्रताप्रेमी, लोकतान्त्रिक मूल्य र मान्यताको धरोहर र अहिंसाको ज्वलन्त द्योतक भएर विश्व समुदायमा अनुप्राणित हुनपुग्नुभयो। आज अहिंसाको कुरा गर्दा आधुनिक विश्वमा गान्धीको नाम नै प्रेरणाका स्रोतका रुपमा पाइन्छ। संयुक्त राष्ट्रसङ्घले समेत अक्टुबर २ लाई अन्तर्राष्ट्रिय अहिंसा दिवसका रुपमा मनाउन आफ्ना सदस्य राष्ट्रहरुलाई आह्वान गरेको छ।

गान्धीमा जनताप्रति अगाध आस्था र प्रेम थियो। सत्य र अहिंसाप्रतिको अविचल आस्थाले बरु सहिद हुन रुचाउनुभयो तर कसैसँग असत्यको पक्षमा घुँडा टेक्नुभएन, आफ्नो आस्था विरुद्धमा। गान्धीलाई एउटा ज्योतिर्मय अन्तर्दृष्टि भएछ –सहादत प्राप्त गर्नुभन्दा दुई दिन अघिमात्र, उहाँले भन्नुभएको थियो–मलाई कसैले गोली हानेर मार्छ भने पनि म उसलाई छेक्ने पनि छैन, म उसलाई दण्डको भागी गराउन सिफारिस पनि गर्दिन र ऐया पनि भन्दिनँ। यो भनाइ २८ जनबरी १९४८ को थियो। ३० जनबरी १९४८ मा जब उहाँलाई नाथुराम गोड्सेले गोली हान्दा मात्र उहाँका मुखबाट अन्तिम शब्द 'हे राम१ हे राम११ हे राम१११' मात्र निस्कियो। यो नै एउटा महात्माको महानिर्वाण थियो र गोलीको बदला क्षमा मात्र थियो।

अहिले विश्वभर हिंसात्मक द्वन्द्वले अनावश्यक महत्व पाएको छ। यतिबेर रुस, युक्रेन, मध्यपूर्वको इजरायल, लेबनान, प्यालेस्टाइन स्वशासित प्रशासनिक क्षेत्र, इरान र सिरिया हिंसाको चपेटामा चेपिएका छन्। हिंसा र द्वन्द्वका सहारामा विश्व जित्ने, राष्ट्र जित्ने, व्यक्ति तथा समुदायहरूलाई आतङ्कित बनाई आफ्नो अभीष्टता पूरा गर्ने लहर चलेको छ। त्यो लहर दक्षिण अमेरिकामा छ, उत्तर अमेरिकामा छ, अफ्रिका—युरोप र एसियामा देखिएको छ। शान्त भूभाग, दक्षिण पूर्वी संसार पनि त्यसबाट अछुतो छैन।

यसबेलामा शान्ति र अहिंसाको महत्व झन् बढेको छ। विश्वभर गान्धीको सम्झना सबैलाई आउन थालेको छ। विश्व समुदायको प्रतिनिधि संस्था संयुक्त राष्ट्रसङ्घले पनि अन्तर्राष्ट्रियरूपमा अहिंसालाई संस्थागत संस्कृतिको स्वरुपमा आत्मसात् गर्न अक्टुबर २ लाई गान्धी दिवस अथवा अहिंसा दिवस मनाउने निर्णय गरेको छ। यसले पनि अहिंसालाई विश्व समुदायले महत्वपूर्णरुपमा हेरेको प्रमाणित हुन्छ। यो अहिंसाको महत्व बढेको नै आजको हिंसात्मक प्रवृत्तिको विस्तारका कारणले हो।

अब मोहनदास करमचन्द गान्धी–महात्मा गान्धी भारतको मात्र नेता, राष्ट्रपिता वा दार्शनिक रहनुभएन। उहाँ नेल्सन मन्डेलाका पनि प्रेरक व्यक्तित्व हुनुहुन्छ, मार्टिन लुथर किङ् जुनियर, डाक्टर ओस्कार आरियस सान्चेज, बीपी कोइराला, डिल्लीरमण रेग्मी, जवाहरलाल नेहरु, आङसाङ् सुकी र अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामा आदि अहिंसावादी हजारौँ—लाखौँ नेताहरूको, भोकापीडित, द्वन्द्वपीडित, हिंसापीडित, रङ्गपीडितहरूको दुःख बिसाउने र विभेदका विरुद्ध लड्नका लागि प्रेरणाका स्रोत बन्नुभएको छ।

आज महात्मा गान्धीको देशमा नजिकको छिमेक पाकिस्तान, अफगानिस्तानमा मौलाएको हिंसा संसारभर फैलिएको छ। विश्वको सर्वशक्तिमान देश संयुक्त राज्य अमेरिकासमेत हिंसाबाट पीडित छ। आतङ्कको कालो छायाबाट बर्सेनि लाखौँ निरपराध व्यक्तिहरू हिंसाको सिकार हुन्छन्। नेपाल अझै पनि हिंसाको चोटबाट ब्युँझिन सकेको छैन। नेपाल अझै द्वन्द्वपश्चात्को सङ्क्रमणबाट गुज्रिरहेको छ। यस संवैधानिक कार्यान्वयनको सङ्क्रमणकालको अन्त्यका लागि एउटा अचुक र अमोघ शस्त्र भनेको सत्य र अहिंसाको साधना हो।

आज हामीले पनि महान् गुप्त साम्राज्यका प्रतिनिधि सम्राट अशोकबाट सिक्नुपर्ने भएको छ– जुन दिन उनले रक्तरञ्जित खुँडा पावन गङ्गा नदीमा पखालेर जनतासँग क्षमायाचना गरे र लुम्बिनीमा आएर पीडितसँग क्षमा माग्दैन, फेरि कहिल्यै कुनै प्रकारको हत्या हिंसामा संलग्न नहुने प्रतिज्ञा गर्दै बुद्धको जन्मस्थलमा शान्ति स्तम्भ स्थापना गर्न योगी बने, अनि मात्र अशोक जनसमुदायका महान् सम्राट अशोक बने र आज पनि हामी उनको नाम आदर साथ लिन्छौँ।

अब हामीले पनि गान्धीबाट सिक्ने कुरा के हो भने द्वन्द्व, शस्त्रास्त्र भनेका फगत वर्तमानलाई आतङ्कित पारेर, राज्यसत्ता कब्जा गर्न सकिने क्षणिक प्रवृत्ति मात्र हुन्, असल शान्तिको आधार भनेको त सत्यलाई स्वीकार गर्ने अहिंसा मात्रै हो। सम्राट अशोकबाट पनि हामीले सिक्ने भनेको हत्या र हिंसाबाट शान्ति कायम गर्न कहिल्यै सकिँदैन, क्षमा र प्रार्थनाबाट अतीतको कालो धब्बा धुन र पुछन सकिन्छ। गान्धी हाम्रो आध्यात्मिक चेतका पछिल्ला आकार हुन् र विश्वलाई अहिंसाको पाठ सिकाउने महान् गुरु हुन् । अन्त्यमा, महामानव महात्मा गान्धीको आत्माले शान्ति पाइरहोस् र संसारभर संयुक्त राष्ट्रसङ्घमार्फत अहिंसाको सुवास फैलिरहोस्। नेपालमा पनि अहिंसाको सुवासले सबै हिंसावादीहरुलाई हिंसाबाट सत्ता कब्जा हुन सक्छ तर सार्वभौम जनतामा शान्ति स्थापना हुँदैन भन्ने सत्यको स्थापना हुने गरी बुद्धि पलाओस्। रासस

# चुरोट कम्पनीले औषधि उत्पादन गर्न सुहाउँछ ?



डा. किरणराज पाण्डे

हालै मात्र बहुराष्ट्रिय चुरोट कम्पनी फिलिप मोरिस इन्टरनेसनलले आफ्नो स्वामित्वमा रहेको एउटा सहायक कम्पनी बिक्री ग¥यो। व्यापारको दुनियाँमा यस्तो खालको कारोबार भइरहने हुनाले यो सामान्यतया खासै चर्चायोग्य होइन। तर यो कारोबार त्यति सामान्य पनि होइन।

बिक्री गरिएको सहायक कम्पनी भेक्ट्युरा नामको एउटा औषधि उत्पादक थियो । यसले प्रमुखतः दमको औषधि उत्पादन गर्ने गर्छ। फिलिप मोरिस इन्टरन्यासनलले यो कम्पनीलाई सन् २०२१ मा एक अर्ब ३६ करोड डलरमा किनेको थियो। केही साताअघि बिक्री गर्दा भने भेक्ट्युराको बिक्री मूल्य मात्रै २० करोड डलर पर्न आयो । तीन वर्षको अवधिमै यो कारोबारमा फिलिप मोरिसले एक अर्ब डलरभन्दा धेरै नोक्सान बेहोर्नु प¥यो।

एउटा चानचुने कम्पनी भएको भए यो हदको नोक्सानीले कम्पनीको आर्थिक अवस्था शिथिल भइसक्ने थियो । तर फिलिप मोरिस चानचुने कम्पनी होइन। यो संसारकै धेरै मुनाफा कमाउने कम्पनीमध्ये एक हो। फिलिप मोरिस इन्टरन्यासनलका उत्पादनहरू संसारका सबैजसो देशमा बिक्री वितरण हुने गर्दछन् । विश्वभर परिचित मार्लबोरो, बेन्सन एन्ड हेजेजलगायत ब्रान्डका चुरोट उत्पादन तथा वितरण गर्ने १६० अर्ब डलर बराबरको यो कम्पनीले गतवर्ष मात्रै सात अर्ब डलरभन्दा धेरै मुनाफा कमायो।

फिलिप मोरिसले सन् १९२४ देखि अनवरत रूपमा संसारभर मार्लबोरो चुरोट उत्पादन तथा बिक्री वितरण गर्दै आइरहेको छ । बिसौँ शताब्दीको शुरूआतसँगै संसारभर चुरोटको औद्योगिक उत्पादन, बजारीकरण तथा खपत कैयौँ गुणा बढ्यो। यसो हुनुमा फिलिप मोरिसको महत्वपूर्ण भूमिका थियो । तर फिलिप मोरिसले संसारभर चुरोटको उत्पादन, बजारीकरण र खपत बढाउने काम मात्रै गरेन । यो कम्पनीले चुरोटलाई हाम्रो समाज र संस्कृतिको अभिन्न अंग बनाउन अभूतपूर्व भूमिका खेल्यो। गएको शताब्दीमा चुरोट पिउने बानीलाई 'कुल' बनाउन फिलिप मोरिसको ठूलो भूमिका रह्यो।

बिसौँ शताब्दीको शुरूआतसम्म चुरोट आममानिसको सहज पहुँचमा थिएन । सीमित रूपमा उपलब्ध चुरोट सैनिकको मनोबल उच्च गराउन रासनका रूपमा दिने गरिन्थ्यो । त्यसैले युद्धबाट घर फर्किने सैनिकले अक्सर ओठमा चुरोट च्यापेर घर आउने गर्थे । फिलिप मोरिसले यही ऐतिहासिक घटनाक्रमलाई एक सांस्कृतिक बिम्बका रूपमा भरमग्दुर प्रयोग ग¥यो । चुरोट पिउनुलाई साहसी व्यक्तिको आदतका रूपमा बजारीकरण ग¥यो । यस्तो गर्न फिलिप मोरिसलाई अमेरिकी मिडिया तथा विज्ञापन एजेन्सीले सहयोग गरे।

मध्यपश्चिम अमेरिकाका सुन्दर पहाडी फाँटमा जिन्स सर्ट तथा काउबोय ह्याट लगाएर मार्लबोरो चुरोट तान्दै घोडामा सवार एक आकर्षक र साहसी अधबैँसे पुरुष सायद गएको शताब्दीकै सबैभन्दा प्रख्यात मिडिया पात्रमध्ये एक थियो । विश्वभर 'मार्लबोरो म्यान'ले परिचित यो पात्र सन् १९५४ तिर न्युयोर्कको लियो बर्नेट नामको एजेन्सीले फिलिप मोरिसका लागि सिर्जना गरेको मिडिया क्याम्पेनको उपज थियो।

यो काल्पनिक 'मार्लबोरो म्यान'को प्रयोग गरेर फिलिप मोरिसले चुरोटलाई 'रोमान्टिसाइज' ग¥यो र चुरोटको आदतलाई स्वतन्त्रता र साहसको प्रतीकका रूपमा चित्रण ग¥यो। अन्य चुरोट कम्पनीले पनि फिलिप मोरिसकै सिको गरेर मार्लबोरो म्यानजस्ता पात्र खडा गरेर बजारीकरण गर्ने तरिका अपनाए । नेपालमा त्यही मार्लबोरोका त्यस्तै खाले विज्ञापन अखबारमा सन् २००० ताका प्रशस्त छापिए।

चुरोटको विज्ञापनमा बन्देज लगाइनुअघि नेपाली चुरोट कम्पनीले पनि यस्तै खालका 'साहसी' पात्र सिर्जना गरेर विज्ञापन बनाउने गर्थे । एउटा नेपाली चुरोट ब्रान्डले त 'साहसीको प्रतीक' ट्यागलाइन नै प्रयोग गर्ने गथ्र्यो ।व्यापक बजारीकरण तथा रचनात्मक मिडिया क्याम्पेनको बलमा बिसौँ शताब्दीमा फिलिप मोरिस आफ्ना उत्पादनलाई संसारका हरेकजसो देशमा पु¥याउन सफल भए । पहिले सीमित व्यक्तिका लागि मात्रै उपलब्ध चुरोट जनमानससम्म पनि सहजै उपलब्ध हुन लागेसँगै चुरोटको खपत तीव्र रूपले बढ्दै गयो । यससँगै फिलिप मोरिसको आर्थिक–व्यावसायिक सफलता पनि चुलिँदै गयो।

तर बिसौँ शताब्दीको उत्तरार्धतिर भने फिलिप मोरिसलगायत चुरोट कम्पनीको बढ्दो व्यावसायिक सफलताको ग्राफमा धक्का लाग्न थाल्यो । चुरोटको खपतको अत्यधिक वृद्धिसँगै फोक्सोको क्यान्सर पनि उत्तिकै बढ्दै थियो । सन् साठीको दशकतिर आएर चुरोट फोक्सोको क्यान्सरको कारण हो भन्ने वैज्ञानिक प्रमाण बलियो हुँदै गयो । यससँगै सन् साठीको बीचतिर अमेरिकी सरकारी निकायले चुरोटका हानिबारे प्रतिवेदन नै प्रकाशित गरे । सार्वजनिक मिडिया तथा समाजमा चुरोटको नकारात्मक स्वास्थ्य असरबारे चर्चा बढ्दै गयो।

सन् साठी तथा सत्तरीको दशकमा फिलिप मोरिसलगायत चुरोट कम्पनीले यस्ता रिपोर्टको खण्डन गर्ने भरमग्दुर प्रयास गरे। तर चुरोटको प्रतिकूल स्वास्थ्य प्रभावबारे वैज्ञानिक प्रमाण जुट्ने क्रम रोकिएन । फोक्सोको क्यान्सरका साथै चुरोटका कारणले हृदयाघात, स्ट्रोक तथा अन्य रोग लाग्ने वैज्ञानिक प्रमाण अकाट्य बन्दै गयो।

वर्तमानमा मानव स्वास्थ्यमा प्रतिकूल असर पु¥याउने प्रमुख तीन कारकमध्ये चुरोट तथा सुर्तीको प्रयोग एक हो। फोक्सो, मुटु तथा अन्य अंगमा लाग्ने नसर्ने रोगको हिस्सा आकासिनुमा यसको प्रमुख भूमिका छ। चुरोट तथा सुर्तीको प्रयोगले संसारभर बर्सेनि ८० लाखभन्दा धेरै मानिसको अकालमा मृत्यु हुने गर्दछ । गएको शताब्दीमा मात्रै सुर्ती चुरोटको प्रयोगले १० करोडभन्दा धेरै मानिसको अकालमा मृत्यु भएको अनुमान छ।

त्यसैले विगतका केही दशकमा चुरोट कम्पनीलाई हेर्ने दृष्टिकोणमा व्यापक परिवर्तन आएको छ। फिलिप मोरिसजस्ता कम्पनीलाई आफ्ना प्राणघातक उत्पादन सजिलै बजारीकरण गर्न दिनुहुँदैन भन्ने आवाज बलियो हुँदै गएको छ। संसारका धेरै देशमा चुरोट तथा सुर्तीजन्य पदार्थको विज्ञापन गर्न बन्देज लगाइएको छ।

चुरोट तथा सुर्तीजन्य पदार्थलाई हेर्ने दृष्टिकोणमा समाजमा आएको यो परिवर्तनले यस्ता कम्पनीलाई अप्ठ्यारोमा पारेको छ। यसै कारण संसारभर फिलिप मोरिसजस्ता कम्पनीले आफ्नो व्यावसायिक रणनीति नै बदल्न बाध्य भएका छन् । नयाँ रणनीति अनुरूप यी कम्पनी आफ्नो 'इमेज' तथा परिचय बदल्न उद्धत छन् । फिलिप मोरिसले त त्यो रणनीतिक दिशालाई 'धुवाँरहित भविष्य' नामको नारा नै दिएको छ। भेक्ट्युराजस्ता औषधि कम्पनीको खरिद यही रणनीतिअनुरूप गरिएको थियो।

अहिले फिलिप मोरिस एक चुरोट कम्पनीको साथसाथै चुरोटजन्य रोगको औषधि उत्पादक पनि हुन चाहन्छ । तर भेक्ट्युराको अनुभवले देखाएजस्तै फिल्म मोरिसजस्ता कम्पनीको यो 'इमेज मेकओभर' गर्ने काम त्यति सजिलै फत्ते हुनेवाला छैन । आजभोलि चुरोट कम्पनीसँगको उठबसलाई समाजको विभिन्न तप्कामा निको मानिँदैन। स्वास्थ्य क्षेत्रका धेरै व्यक्ति तथा संस्था त यी कम्पनीसँग कुनै पनि हिसाबले जोडिन सजिलो मान्दैनन् । फिलिप मोरिसले औषधि उत्पादनमा चाहेको प्रवेशलाई अत्यन्तै महत्त्वपूर्ण स्टेकहोल्डरले निको मानेनन् ।दम, क्यान्सरलगायत छातीरोगबाट पीडितका समुदाय÷समूहले नै फिलिप मोरिस चुरोटका साथसाथै फोक्सोको रोगका औषधि उत्पादनमा एकैसाथ संलग्न भएको विषयलाई फिटिक्कै रुचाएनन् । बेलायतको छातीसम्बन्धी रोगका डाक्टरको छाता संगठन ब्रिटिस थोरासिक सोसाइटीले फिलिप मोरिस र भेक्ट्युराको सम्बन्धलाई तिरस्कार मात्रै गरेन, भेक्ट्युराका उत्पादन नै बहिष्कार गर्नेसम्मको नीति लिन पुग्यो।

यसरी फिलिप मोरिससँगको सम्बन्धले भेक्ट्युरालाई व्यावसायिक तथा वैज्ञानिक सम्बन्ध विस्तार गर्न अप्ठ्यारो भयो। यस्तो प्रतिकूल अवस्थामा पहिले नै अलि कमजोर भएको भेक्ट्युराको वित्तीय अवस्था सुध्रिने छाँट पनि देखिएन। त्यसैले फिलिप मोरिस बाध्य भएर ठूलो घाटा सहेर भेक्ट्युरा बेच्नुपर्ने अवस्थामा पुग्यो।

समाजमा चुरोट कम्पनीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएसँगै फिलिप मोरिस 'आफै चोर, आफै प्रहरी' बन्ने रणनीतिमा अगाडि बढ्दै थियो। भेक्ट्युरा प्रकरणले केही समयका लागि भए पनि त्यो दुईजिब्रे रणनीतिमा ब्रेक लगाइदिएको छ । उकालो

# 'सरकारको लक्ष्य डिजिटल सार्वजनिक पूर्वाधार निर्माण'

**काभ्रेपलाञ्चोक ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले डिजिटल नेपाल फ्रेमवर्कअन्तर्गत डिजिटल फाउन्डेसन कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत नेपाल सरकारले 'डिजिटल सार्वजनिक पूर्वाधार' निर्माण गर्ने लक्ष्य राखेको बताएका छन् ।



काभ्रेपलाञ्चोकको धुलिखेलस्थित काठमाडौँ विश्वविद्यालय (केयु)मा बुधबार आयोजित तीनदिने दोस्रो परा–हिमालय सञ्चार तथा सामाजिक विकास सङ्गोष्ठीको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले दिगो विकास लक्ष्य–२०३० को सफल कार्यान्वयनका लागि सरकारको नीति तथा कार्यक्रम डिजिटल सार्वजनिक पूर्वाधारलाई प्राथमिकता दिने दिशामा अघि बढ्ने बताए ।
'सरकारले चालु आर्थिक वर्षमा ललितपुरको खुमलटारमा सूचना प्रविधि हब स्थापना र ज्ञान पार्क स्थापनालाई प्राथमिकतामा राखेको छ, यी सूचना प्रविधि दशकको कार्यान्वयनका लागि आधारभूत स्तम्भ हुने विश्वास गरेका छौँ', सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले भने । उनले सरकार सूचना–प्रविधिको विस्तृत कार्यान्वयन योजना बनाउने प्रक्रियामा रहेकाले डिजिटल रुपान्तरणका लागि नीति, कानुनी र पूर्वाधारका बाधाहरूलाई सम्बोधन गरी निजी क्षेत्रको दिगो पूर्वाधारसहितको 'डिजिटल इकोसिष्टम' निर्माणमा सबै सरोकारवालाको सामूहिक प्रयासबाट मात्र सम्भव गराइने बताए ।
मन्त्री गुरुङले सञ्चार आधुनिक शासनको मुटुमा भएकाले नागरिकसम्म वास्तविक समयमा जडान गर्न, तथा सूचना प्रविधिमार्फत जानकारीलाई प्रभावकारी रूपमा साझा गर्न तथा थप पारदर्शी रूपमा सेवाहरू प्रदान गर्न सक्षम बनाउने बताए । उनले भने,'डिजिटल ई–गभर्नेन्समार्फत हामी विस्तारै परम्परागत नोकरशाही प्रणालीबाट टाढा जाँदैछौँ, सेवाहरू सिधै नागरिकको औँलामा ल्याउँदैछौँ, राष्ट्रिय ई–सरकार मास्टर प्लान, ब्रोडब्यान्ड नेटवर्क विस्तार, अप्टिकल फाइबर ब्याकबोन नेटवर्क तथा विशेषगरी ग्रामीण क्षेत्रमा नेटवर्क रोलआउट राष्ट्रव्यापी इन्टरनेट पहुँच बढाउनुपर्ने आजको आवश्यकता हो ।' उनले पूर्वाधार विकास, डिजिटल साक्षरता, साइबर सुरक्षा, 'डिजिटल नेपाल'को फराकिलो लक्ष्य पूरा गर्न नेपालले आफ्नो डिजिटल पूर्वाधार सुधार गर्न महत्वपूर्ण प्रयास गरेको उल्लेख गरे ।
मन्त्री गुरुङले मन्त्रालयले विद्यमान नीति, कानुन र संरचनामा नयाँ तर्जुमा र आमूल परिवर्तनलाई प्राथमिकता दिएको बताउँदै सूचना प्रविधि तथा साइबर सुरक्षा ऐनको मस्यौदा सरोकारवालाको सहमतिको चरणमा रहेको बताए ।'सार्वजनिक शासनमा डिजिटल सञ्चारलाई एकीकृत गर्नाले थप उत्तरदायी, पारदर्शी र कुशल सरकारी सेवा दिन सकिन्छ, यसका लागि नै मन्त्रालयले राष्ट्रिय साइबर सुरक्षा नीति–२०८० तर्जुमा गरी राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गरेको छ', उनले भने । मन्त्रालयले नेपालमा कृत्रिम बुद्धिमत्ता (एआई)को प्रयोग र अभ्याससँग सम्बन्धित अवधारणा पत्र प्रकाशित गरेको उनले बताए ।
कार्यक्रममा केयुका उपकुलपति प्रा. डा.भोला थापाले सूचना प्रविधिले निम्त्याउने चुनौतीलाई अवसरमा बदल्ने चुनौती प्रमुख विषय रहेको बताए । युनिभर्सिटी अफ इलेक्ट्रोनिक साइन्स एण्ड टेक्नोलोजी अफ चाइनाका कुलपति जान सुनले डिजिटल प्रविधि तथा सञ्चारको व्यापकताबारे आफ्नो धारणा राखेका थिए ।
कार्यक्रममा युनिभर्सिटी अफ टेक्सासका प्राध्यापक अरविन्द सिंघल, सिघुवा विश्वविद्यालयका प्राध्यापक लि सिग्वाङ, जवाहरलाल नेहरु विश्वविद्यालयका प्राध्यापक मनुकोण्डा रवीन्द्रनाथ सहभागी छन् । सङ्गोष्ठीमा चीनको काङ्बा टेलिभिजनकी सम्पादक चेमी वेङमो, जेजियाङ विश्वविद्यालयका प्राध्यापक वो फेइ, फोस्करी विश्वविद्यालयका प्राध्यापक घानी–उर–रहमान, भुटानकी शोधकर्ता याङ चेन सी रिन्जिन, दिल्ली विश्वविद्यालयको प्राध्यापक सरिता आनन्द र चीनका प्राध्यापक हान होङ वक्ताका रूपमा छन् ।
युनिभर्सिटी अफ इलेक्ट्रोनिक साइन्स एण्ड टेक्नोलोजी अफ चाइना र केयूको भाषा तथा आमसञ्चार विभागद्वारा संयुक्त रुपमा आयोजित सङ्गोष्ठीमा एक सय कार्यपत्र प्रस्तुत हुने जनाइएको छ । सङ्गोष्ठीमा नेपाल, चीन, भारत, भुटान, पाकिस्तान, संयुक्तराज्य अमेरिकालगायत मुलुकका प्राज्ञिक व्यक्तिको सहभागिता रहेको छ । रासस

# प्रस्तावित प्रधानन्यायाधीशमा राउतको सुनुवाइ प्रारम्भ



**काठमाडौँ ।**
संसदीय सुनुवाइ समितिमा प्रस्तावित प्रधानन्यायाधीशमा सिफारिस हुनुभएका सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश प्रकाशमान सिंह राउतको सुनुवाइ प्रारम्भ भएको छ ।
सिंहदबारस्थित समितिको कार्यालय प्रस्तावित प्रधानन्यायाधीशमा राउतको सुनुवाइ प्रारम्भ भएको हो ।
संवैधानिक परिषद्को गत भदौ ३१ गत बसेको बैठकले प्रधानन्यायाधीशमा राउतलाई सिफारिस गर्ने निर्णय गरेको थियो ।
सर्वोच्च अदालतका वर्तमान प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको यही असोज १९ गते पदावधि सकिँदैछ ।
न्याय परिषद्ले रिक्त प्रधानन्यायाधीश पदमा वरिष्ठतम न्यायाधीशमध्येबाट नाम सिफारिस गरेर संवैधानिक परिषद्मा पठाएको थियो । प्रधानन्यायाधीश राउतलाई सङ्घीय संसद्को संसदीय सुनुवाइ समितिमा सुनुवाइ भएर अनुमोदन गरेपछि राष्ट्रपति नियुक्ति गर्ने संवैधानिक व्यवस्था रहेको छ । रासस

# सबै संयन्त्रलाई सतर्कता अपनाउन गृहमन्त्रीको निर्देशन



**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले कोशी र बागमती प्रदेशका केही ठाउँमा भारी वर्षा हुनसक्ने पूर्वानुमान गरिएकाले सोहीअनुसार सतर्क रहन सम्बद्ध अधिकारीहरुलाई निर्देशन दिएका छन् ।
गृहमन्त्री लेखकले जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाको बुलेटिनलाई दृष्टिगत गरी तीन वटै सुरक्षा निकायका प्रमुखहरू, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रमुख जिल्ला अधिकारी, प्रदेशका सबै सुरक्षा संयन्त्र र स्थानीय तहहरूलाई बुधबार निर्देशन दिएका हुन् ।
महाशाखाले कोशी र बागमती प्रदेशका केही स्थानमा भारी वर्षा हुने प्रक्षेपण गरेकाले सम्भावित जोखिमबाट बच्न आमनागरिकलाई सावधानी अपनाउन आग्रह गरेको छ । सोही सन्दर्भमा उनले भने, 'वर्षाको पूर्वानुमान गरिएअनुसार मैले कोशी र बागमती प्रदेशका प्रमुख जिल्ला अधिकारी, प्रदेश र जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूलाई सतर्क रहन निर्देशन दिएको छु ।' थप समन्वय र सो सम्बन्धी आवश्यक काम कारबाहीका लागि गृह मन्त्रालयमा सुरक्षा निकायका प्रमुख र विपद् प्राधिकरणलाई तयारी अवस्थामा रहन निर्देशन दिएको गृहमन्त्री लेखकले बताए । मन्त्री लेखकले यसअघिको बाढी र पहिरोले मुलुकका प्रमुख राजमार्गहरु अवरुद्ध रहनुका साथै पहिरोको जोखिम कायमै रहेकाले यात्रा गर्दा सावधानी अपनाउनसमेत आग्रह गरेका छन् । रासस

# मन्त्री मण्डारी भन्छन्– 'दैनिक उपभोग्य वस्तुको अभाव छैन'



**काठमाडौँ ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विपद्जन्य अवस्थाले केही दिन तरकारी अभाव देखिए पनि दैनिक उपभोग्य वस्तुको बजारमा अभाव नरहेको बताएका छन् । उनले बजारमा अभाव हुन नदिन मन्त्रालयले पनि देशका ४४ जिल्लाका ६१ स्थानमा सुपथ मूल्य पसल पनि सञ्चालन गरिएको जानकारी गराए ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले) युवा विद्यार्थी विशेष जिल्ला कमिटीको मन्त्रालयमा बुधबार ज्ञापनपत्र बुझ्दै मन्त्री भण्डारीले विपद्जन्य अवस्था र चाडपर्वका बेला कोही कसैले बजारमा दैनिक उपभोग्य वस्तुको कृत्रिम अभाव गरे वा मूल्यवृद्धि गरे कडा कारबाही गरिने बताए ।
'काठमाडौँमा आउने तरकारी छिमेकी जिल्लाहरु धादिङ, नुवाकोट, मकवानपुर, चितवन, काभ्रेपलाञ्चोकलगायत जिल्लाबाट हो, बाढीपहिरोले एकातिर बाटो बन्द भयो, अर्कोतिर वर्षाले तरकारी खेतीमा नोक्सानी गर्यो, त्यसकारण केही दिन तरकारी आयात हुन समस्या भयो र केही मूल्य वृद्धि भएको हो', उनले भने,'विस्तारै तरकारी आयात भइरहेको छ, मन्त्रालयबाट महङ्गोमा तरकारी बेचेको पाइए कारबाही गर्न मातहतका निकायलाई निर्देशन भइसकेको छ ।'
विगतभन्दा अहिले दैनिक उपभोग्य वस्तुको मूल्य घटेको जनाउँदै मन्त्री भण्डारीले बजारमा कोही कसैले अत्यावश्यक दैनिक उपभोग्य वस्तुमा कोही कसैले कालो बजारी तथा मूल्यवृद्धि गरे वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको हटलाइन नं ११३७ मा खबर गर्न आग्रह गरे । उनले भने,'अमूर्तरुपमा कालोबजारी, अभाव र मूल्यवृद्धि भयो भन्ने गरिन्छ, कहाँ छ त्यसो भएको भनेर हामीलाई जानकारी गराउनुस्, हामी तत्काल 'एक्सन' लिएर ठाउँका ठाउँ कारबाही गर्छौं ।' व्यावसायिक शुद्धतासहित जनतालाई अत्यावश्यक वस्तुको उपलब्धताका लागि वाणिज्य मन्त्रालयबाट कुनै कसर बाँकी नराखिएको बताए । आधारभूत तहलाई दैनिक उपभोग्य वस्तुको सहज उपलब्धताका लागि मन्त्रालय लागिपरेको उनको भनाइ छ । उनले हरेक अत्यावश्यक दैनिक उपभोग्य वस्तुमा कम्तीमा पाँच रुपैयाँदेखि १० रुपैयाँसम्म मन्त्रालय मातहतका बिक्री कक्षमा सस्तो मूल्य कायम गरिएको जानकारी गराए ।मन्त्री भण्डारीले अत्यावश्यक वस्तुका रुपमा रहेको पानीको अधिकतम खुद्रा मूल्यभन्दा बढी लिने जुनसुकै होटल तथा रेष्टुरेन्ट कारबाहीको दायरामा आउने र सो क्रम जारी रहेको बताए । उनले छिट्टै राजमार्गका होटललाई कारबाहीको दायरामा ल्याउने प्रक्रिया भइरहेको जानकारी गराए । मन्त्री भण्डारी कम्तीमा पनि चारवटा होटल भएको ठाउँमा यात्रुवाहक सवारी साधन रोकिनुपर्ने र एकान्तमा सञ्चालन गरिएका होटल कारबाहीको दायरामा आउने बताए ।
एमाले युवा विद्यार्थी विशेष जिल्ला कमिटी इन्चार्ज एवं पार्टीका केन्द्रीय सदस्य रमेश पौडेल, युवा विद्यार्थी विशेष जिल्ला कमिटी अध्यक्ष रामजी सापकोटासहितको टोलीले विपद्जन्य अवस्था र चाडपर्वको मुखमा सहज आपूर्ति गर्नुपर्नेलगायत विभिन्न छबुँदे माग राखेर मन्त्री भण्डारीलाई ज्ञापनपत्र बुझाएको थियो । साथै सो क्रार्यक्रममा वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक राजन पौडेल उपस्थित थिए । रासस

# वडाध्यक्षले हङकङबाट पठाए राजीनामा

**ताप्लेजुङ ।**
विगत ११ महिनादेखि हङकङमा रहेका ताप्लेजुङ सिरिजङ्घा गाउँपालिका–३ का वडाध्यक्ष दिलप्रसाद बोखिमले पदबाट राजीनामा दिएका छन् ।
वडाध्यक्ष बोखिमले गाउँपालिकाको अध्यक्षमार्फत ताप्लेजुङ जिल्ला निर्वाचन कार्यालयलाई सम्बोधन गर्दै उनले यही असोज १८ गतेदेखि लागू हुनेगरी राजीनामा दिएका हुन् ।
विसं २०८० कात्तिक २४ गतेदेखि वडामा अनुपस्थित उहाँले जनताको सेवा गर्न नसकेकामा दुःख व्यक्त गर्दै आफ्नो जिम्मेवारी कार्यवाहक वडाध्यक्षलाई सुम्पिएको राजीनामामा उल्लेख गरेको जिल्ला निर्वाचन आयोगले जनाएको छ ।
हालै स्थानीयले वडाध्यक्ष बोखिमको अनुपस्थितिका कारण विकास र प्रशासनिक काममा बाधा उत्पन्न भएको भन्दै निजमाथि कारबाहीको माग गर्दै गाउँपालिका अध्यक्ष लालकृष्ण चौहानलाई ज्ञापनपत्र बुझाएका थिए । रासस

# यस्ता छन् गण्डकीका स्वास्थ्यमन्त्रीको कार्ययोजना

**कास्की ।**
गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयले स्वास्थ्य क्षेत्र सुधारको लक्ष्यसहित अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना सार्वजनिक गरेको छ । स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमार्फत स्वास्थ्य क्षेत्रको नीतिगत, संस्थागत र संरचनागत सुधारको खाकासहित भावी कार्ययोजना प्रस्तुत गरेका हुन् ।
मन्त्री पाठकले नागरिकलाई सर्वसुलभ र गुणस्तीय सेवा प्रवाहका लागि आवधिक योजना बनाएर आफूले काम सुरुवात गरेको बताए । 'स्वास्थ्य क्षेत्रको आधारभूत तहदेखि सुधारका कामलाई तीव्रता दिन्छौँ, मन्त्रालयको सिङ्गो टिम कार्ययोजना कार्यान्वयनका लागि प्रतिबद्ध छ', उनले भने,'सङ्घ र प्रदेशको स्वास्थ्य नीति, बजेट, प्रदेशको सम्भावना, अन्तर्राष्ट्रिय मान्यता आदिको गहन अध्ययन गरेर अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तय गरिएको छ ।'
योजना कार्यान्वयनका लागि स्रोतको प्रबन्ध गर्न सङ्घ सरकार, विकास साझेदारलगायतसँग सहकार्य गरिने मन्त्री पाठकले बताए । कार्ययोजनामा कानूनी सुधार, सुशासन, आपूर्ति व्यवस्थापन, मातृ तथा शिशु स्वास्थ्य सेवा सुदृढीकरण,संस्थागत क्षमता विकास तथा विस्तार,सेवा प्रवाह तथा गुणस्तरको सुनिश्चितता,सूचना व्यवस्थापन, जनस्वास्थ्य आपतकालीन तयारी र प्रतिकार्य, सर्ने तथा नसर्ने रोगको व्यवस्थापनलगायतका विषय समेटिएका छन् ।
अल्पकालीन योजनातर्फ चिकित्सक एवं स्वास्थ्यकर्मी प्रोत्साहनसम्बन्धी कार्यविधि र प्रदेश जनस्वास्थ्य प्रयोगशाला सञ्चालन कार्यविधि तयार गरिने मन्त्री पाठकले बताए । स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीको विकास गरिने उनको भनाइ छ । निजी स्वास्थ्य संस्था दर्ता, नवीकरण र अनुगमनसम्बन्धी कार्यविधि संशोधन गरिने कार्ययोजनामा उल्लेख छ ।
प्रदेशभित्र औषधिको गुणस्तर जाँचको प्रबन्ध मिलाइने मन्त्री पाठकलले बताए । पूर्ण संस्थागत सुत्केरी अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र पाठेघर खस्ने समस्या तथा फिस्टुला रोगको पहिचान गरी निःशुल्क उपचारको व्यवस्था गरिने उनले उल्लेख गरे ।
गण्डकी र धवलागिरि आयुर्वेद औषधालयमा आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गरी अन्तरङ्ग सेवा व्यवस्थित गरिने भएको छ ।
मन्त्री पाठकले सर्ने रोग क्षयरोग, कुष्ठरोग र नसर्ने रोगको मधुमेह, उच्च रक्तचापलगायतका समुदायस्तरमा 'स्क्रिनिङ' गरिने मन्त्री पाठकले बताए । प्रदेश सरकार मातहतका अस्पतालमा मानसिक रोगको उपचार सेवाको विस्तारका साथै मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरिने उनले बताए ।
मध्यकालीन योजनाअन्तर्गत कानुनी सुधारतर्फ अस्पताल व्यवस्थापन समिति गठन आदेशको संशोधन एवं पुनःलेखन गरिनेछ । सेवा करारमा स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापन कार्यविधि संशोधन गरिनेछ ।
भौतिक पूर्वाधारतर्फ लमजुङ, स्याङ्जा र दमौली अस्पतालको नयाँ भवन निर्माण सुरु गरिने कार्ययोजनामा जनाइएको छ । गण्डकी स्वास्थ्य प्रवद्र्धन केन्द्र स्थापना गरिने उल्लेख छ ।
धवलागिरि अस्पताल, मातृशिशु मितेरी र लमजुङ अस्पतालमा मातृशिशु प्रतिक्षा गृह सञ्चालन गरिने जनाइएको छ । धवलागिरि अस्पताल, दमौली, मध्यविन्दु र स्याङ्जा अस्पतालमा ट्रमा केयर सेन्टरको स्थापना गरी दुर्घटनामा परेका वा ठूलो चोटपटक लागेका बिरामीलाई तत्काल आवश्यक उपचारको व्यवस्था मिलाइने मन्त्री पाठकले बताए ।
दीर्घकालीन योजनामा स्वास्थ्य क्षेत्रको विशेषता र संवदेनशीलतालाई ध्यान दिई सार्वजनिक खरिद ऐन तथा नियमावली संशोधन गर्न पहल गरिने उल्लेख छ । स्वास्थ्य क्षेत्रमा प्रदेश सरकारको कुल बजेटमा १० प्रतिशत हुने गरी व्यक्तिगत खर्चको भार क्रमशः घटाउँदै लगिने लक्ष्य लिइएको छ । अस्पतालमा आवासगृह व्यवस्थापन, प्रदेशमा क्यान्सर, मुट र मृगौला रोगको विशिष्टीकृत अस्पतालको स्थापना गरिने उल्लेख छ ।
बिरामीको आकस्मिक उद्धारका लागि एयर एम्बुलेन्सको व्यवस्थापन गरिने मन्त्री पाठकले बताए । निजी क्षेत्रले लगानी गर्न सक्ने जनस्वास्थ्यका क्षेत्र तथा परियोजना पहिचान गरी स्वास्थ्य क्षेत्र लगानी खाका तयार गरी लागू गरिने उनले बताए । रासस

# बागमती र कर्णाली प्रदेशसभाको अधिवेशन अन्त्य

**मकवानपुर ।**
बागमती प्रदेशसभाको चालु वर्षे अधिवेशन अन्त्य भएको थियो । प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले सिफारिस गरे बमोजिम असोज १६ गते मध्यरातबाट प्रदेशसभाको चालु अधिवेशन प्रदेश प्रमुखबाट अन्त्य भएको हो ।
प्रदेश सरकारले नेपालको संविधानको धारा १८३ को उपधारा २ अनुसार प्रदेशसभाको १४ औं अधिवेशन अन्त्य गर्ने निर्णय गरेको हो । प्रदेशसभाको यस अधिवेशन वैशाख ३१ गतेबाट सञ्चालन भएको थियो ।
यस्तै, कर्णाली प्रदेशसभाको चौथो अधिवेशन मंगलबार राति १२:०० बजेदेखि अन्त्य भएको छ ।
नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम कर्णाली प्रदेशसभाको चौथो अधिवेशन गए राति १२:०० बजेदेखि अधिवेशन अन्त्य भएको हो । अधिवेशनका क्रममा ३३ बैठक भएका थिए ।
अधिवेशन अन्त्यका लागि बसेको सभाको बैठकमा मुख्यमन्त्री यामलाल कँडेलले नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्न सबै निकाय प्रतिबद्धतापूर्वक लाग्नुपर्नेमा जोड दिए ।
रासस

# बाढीपहिरोका कारण १७ अर्ब रुपैयाँ बढीको क्षति

## पूर्ववत् अवस्थामा फर्काउन के छ तयारी ?



प्राकृतिक विपत्तिले कसरी पिरोल्छ र दुःख दिँदो रहेछ भन्ने उदाहरण बनेको छ, यही असोज ११ र १२ गतेको अविरल वर्षापछि आएको बाढी र पहिरो । किसानको पाक्न लागेको धान बाली नष्ट भयो । वर्षभरि खाने तरकारी नष्ट भयो ।

सहजै यात्रा गर्ने राजमार्गहरु क्षतिग्रस्त भए । बस्ती बगे । थातथलो बग्यो । पशुचौपायाले अकालमा ज्यान गुमाए । बाढीकै कारण कैयौँको लगानी क्षणभरमा नष्ट भयो । नेपाली समाजमा एउटा भनाइ लोकप्रिय छ,'विपत्ति बाजा बजाएर आउँदैन ।' तर यस पटकको अविरल वर्षापछिको बाढीपहिरो नेपालीका लागि बाजा बजाएर आएभन्दा पनि चर्को भयो । चाडबाडको मुखमै क्षतिग्रस्त भएको विपी राजमार्ग पूर्ववत् अवस्थामा कहिले सञ्चालनमा आउने हो कुनै ठेगान छैन । पृथ्वी र त्रिभुवन राजमार्गको अवस्था उस्तै छ ।

राजधानीको खाद्यान्न गोदाम भनेर चिनिएको कालीमाटी र बल्खु बजार अझै नियमित सञ्चालनमा आउन सकेको छैन । राजमार्गमा नियमित सवारी नचल्दा भोक भोकै यात्रु पैदलयात्रा गर्न बाध्य छन् । जल तथा मौसम विज्ञान विभागले जानकारी दिँदा पनि कैयौँ नागरिकले अकालमा ज्यान गुमाएका छन् ।

काठमाडौँको बल्खु, नख्खु, बाग्मतीका किनार तथा भक्तपुरको हनुमन्तेलगायतका खोला र नदी किनार पूर्ववत् अवस्थामा फर्कन अझै धेरै दिन लाग्ने स्पष्ट छ । बाढी र पहिरोका कारण प्रारम्भिक विवरण अनुसार १७ अर्ब रुपैयाँ बराबरको क्षति भएको छ । क्षतिको विवरण सङ्कलनका क्रममा रहेकाले यो अझै बढ्न सक्ने स्पष्ट नै छ । सरकारका मुख्य सचिव एकनारायण अर्यालका अनुसार, बाढीपहिरो र डुबानबाट २१ जिल्ला प्रभावित भएका छन् । विशेष गरी काभ्रेपलाञ्चोक, ललितपुर, धादिङ, काठमाडौँ, सिन्धुपाल्चोक, सिन्धुली र मकवानपुर जिल्लामा बढी क्षति पुगेको छ ।

कुलेखानी जलाशयको पानी खोल्दा गएको बाढी र पहिरोका कारण मकवानपुरको इन्द्रसरोवर–३ मा रहेको वत्सलादेवी माविमा सञ्चालित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) एकेडेमीमा अध्ययनरत छ जना विद्यार्थीको कलिलै उमेरमा ज्यान गुमाउन बाध्य भए । पहिराले पुरिँदा मकवानपुरका तीन र अन्य जिल्लाका तीन गरी बालकले ज्यान गुमाए । बाढीका कारण सबैभन्दा बढी समस्यामा विपी राजमार्ग परेको छ । रोशी खोला किनारका बस्ती क्षतविक्षत भएको छ । हालसम्मको विवरणअनुसार बाढीपहिरोबाट सडक र पुलमा मात्रै दुई अर्ब ५२ करोड रुपैयाँ बराबरको क्षति भएको छ । बाढीले पाँच वटा पक्की पुल र दुई वटा बेलिब्रिजमा क्षति पुगेको छ ।

पछिल्लो पटकको बाढीपहिरोमा परी हालसम्म दुई सय २४ जनाको निधन भएको छ भने २४ जना बेपत्ता छन् । एक सय ५८ जना घाइते छन् । उच्च जोखिममा रहेका चार हजार तीन सय ३१ जनालाई उद्धार गरी सुरक्षित स्थानमा पठाइएको मुख्यसचिव अर्यालको भनाइ छ । कृषि क्षेत्रमा करिब छ अर्ब रुपैयाँ भन्दा बढीको क्षति पुगेको प्रारम्भिक तथ्याङ्क छ । कूल ५८ हजार चार सय ७६ हेक्टरमा लगाइएको तीन अर्ब ५० करोड रुपैयाँ बराबर धानबालीमा क्षति पुगेको छ । किसानका २६ हजार दुई सय पाँच वटा पशुपन्छीमा क्षति पुगेको छ ।

भौतिक क्षतितर्फ खानेपानी संरचनामा तीन अर्ब ५५ करोड रुपैयाँ, सडक पूर्वाधारमा दुई अर्ब ५२ करोड रुपैयाँ, ऊर्जातर्फ चार अर्ब रुपैयाँ र जलस्रोत तथा सिँचाइतर्फ एक अर्ब ३५ करोड रुपैयाँ बराबरको क्षति भएको छ । बाढीपहिरोबाट ३७ वटा राजमार्ग अवरुद्ध भएकामा नौ वटा सञ्चालन आइसकेका छन् । त्यस्तै ३६ निर्माणाधीन जलविद्युत् आयोजनामा क्षति पुगेको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार अविरल वर्षापछि आएको बाढीपहिरोका कारण सडक विभागअन्तर्गतका झण्डै २२ किलोमिटर सडक पूर्ण रुपमा क्षति भएको छ । त्यसमा सडकतर्फ एक अर्ब ५० करोड ५० लाख रुपैयाँ, पुलतर्फ ८२ करोड रुपैयाँ र बेलीब्रिजतर्फ २० करोड रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक विवरण छ । सो मन्त्रालयका अनुसार १४ वटा सडकको ४२ स्थानमा बाढीपहिरोका कारण क्षति पुगेको छ ।

बाढीपहिरोका कारण अरनिको राजमार्ग, बिपी राजमार्ग कान्ति राजमार्ग, मदन भण्डारी, पुष्पलाल मध्यपहाडी राजमार्ग, मेची राजमार्ग मदन भण्डारी राजमार्ग र कालिगण्डकी कोरिडोरमा क्षति पुगेको छ । सुनकोशी पुल खुर्कोट, सिन्धुरेटार, फोक्सीङ्गटारको पुल पूर्णरूपमा क्षति पुगेको छ । अरनिको राजमार्गअन्तर्गत लिपिङ पुल, इलामको माई पोखरी सडकको राते पुल बाढीले बगाउँदा यातायात सञ्चालनमा असुविधा उत्पन्न भएको छ । लार्चा र हेवा खोलामा रहेको बेलीब्रिज बाढीले बगाएको छ । सुनकोशी पुल खुर्कोट, सिन्धुरेटार, फोक्सीङटारको पुल पूर्णरूपमा क्षति भएको विवरण छ ।

अरनिको राजमार्गअन्तरगत लिपिङ्ग पुल, इलामको माई पोखरी सडकको राते पुल बाढीले बगाएको छ । यस्तै लार्चा र हेवा खोलामा रहेको बेलीब्रिज समेत बाढीले बगाएको छ । ऊर्जा र जलस्रोततर्फ समग्रमा चार अर्ब ३५ करोड रुपैयाँ बराबरको क्षति भएको छ । नदी नियन्त्रणका लागि बनाइका तटबन्धमा करिब एक अर्ब १६ करोड २० लाख रुपैयाँ बराबरको क्षति पुगेको छ । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको सुनकोशी मरिण डाइभर्सन आयोजनाको बाँधस्थलमा निर्माणाधिन 'कफर ड्याम' पानीमुनी परेको छ । त्यसमा के कति क्षति भयो भन्ने कुराको मूल्याङ्कन भइरहेको जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जिव बरालले जानकारी दिनुभयो ।

यस्तै, खानेपानी आयोजनामा तीन अर्ब ५५ करोड ७० लाख रुपैयाँ बराबरको क्षति पुगेको छ । नेपाल खानेपानी निगम, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र खानेपानी मन्त्रालयअन्तर्गत साना–ठूला आयोजनामा बाढीले समस्या पैदा गरेको छ । काभ्रेपलाञ्चोक, भक्तपुर र रामेछापका खानेपानी आयोजनामा क्षति पुगेको छ । कूल ६६ जिल्लाका खानेपानी आयोजनामा क्षति भएको छ । अविरल बर्षापछिको बाढीपहिरोले खानेपानीको पाइपलाइन, बोरिङ प्रशोधन केन्द्र, ट्याङ्कीलगायतका संरचनामा क्षति पुगेको छ ।

सरकारले खोज तथा उद्धारमा ३० हजार सात सय ३१ सुरक्षाकर्मी परिचालन गरेको जनाएको छ । बाढीपहिरोमा परी मृत्यु भएका र बेपत्ता भएका नागरिकका घरपरिवारलाई राहत वितरण सुरु भइसकेको सरकारको भनाइ छ । बाढीपहिरोबाट अवरुद्ध भएका सडकलाई थप तदारुकताका साथ सञ्चालनमा ल्याउने, पहिरोबाट अवरुद्ध सडक खोल्ने, बेलिब्रिज जडान गर्ने, सम्भाव्यताका आधारमा कजवे, डाइभर्सन जस्ता वैकल्पिक माध्यमबाट सडक सञ्चालनमा ल्याउने तयारी गरिएको छ । विपद्लाई देखाएर अत्यावश्यक वस्तुको कृत्रिम अभाव, मूल्यबृद्धि र कालोबजारी नियन्त्रणका लागि सरकारले कडा नीति अख्तियार गर्ने स्पष्ट पारिसकेको छ । विभिन्न स्थानमा अवरुद्ध टेलिफोन सेवा र विद्युत् सेवा नियमित गराउन आवश्यक जनशक्ति परिचालन गरी पुनःनिर्माण र पुनःस्थापनाको काम भइरहेको छ । रासस

# टेलिफोन र इन्टरनेट सेवा प्रदायकको करिब ३० करोडको क्षति

**काठमाडौँ ।**
केही दिनअघि निरन्तर वर्षाका कारण सिर्जित बाढीपहिरो, डुबानलगायत समस्याबाट टेलिफोन र इन्टरनेट सेवा प्रदायक कम्पनीको करिब ३० करोड रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक आँकलन गरिएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार इन्टरनेट सेवा प्रदायक कम्पनीको क्षतिको विवरण अझै पूर्ण रुपमा आइसकेको छैनभने टेलिफोन सेवा प्रदायक दुई कम्पनी नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (एनटिसी) र एनसेल आजिअटा लिमिटेड (एनसेल) को मात्र करिब २२ करोड रुपैयाँ बराबरको क्षतिको अनुमान गरिएको छ । 'एनटिसीको करिब १५ करोड रुपैयाँ र एनसेलको करिब सात करोड रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक विवरण आएको छ । त्यस्तै, हालसम्म १५ इन्टरनेट सेवा प्रदायकहरुबाट विवरण सङ्कलन भइसकेकामा यस्ता कम्पनीहरुको करिब साँढे सात करोड रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक तथ्याङ्क छ', प्राधिकरणका सहायक प्रवक्ता डा.प्रदीप पौड्यालले रासससँग भने । इन्टरनेट सेवा प्रदायकहरुबाट थप क्षतिको विवरण सङ्कलन भइरहेको पनि उनले बताए ।

बाढीपहिरो, डुबान, चट्ड्याङ लगायत समस्याबाट विद्युत् आपूर्ति अवरोध भएका कारण मुलुकको धेरै स्थानमा टेलिफोन र इन्टरनेट सेवा पनि अवरुद्ध भएको थियो । विद्युत् आपूर्ति सहज भएसँगै क्रमशः दूरसञ्चार सेवा पनि पुनः सञ्चालनमा आएको डा.पौड्यालको भनाइ छ ।

पोल ढल्ने, तार चुँडिनेलगायत समस्या देखिएका ठाउँमा द्रुत टोली खटाएर सेवा सुरु गर्न कम्पनीहरुलाई निर्देशन दिइसकेको पनि उनले जानकारी दिए । टेलिफोन र इन्टरनेट अत्यावश्यक वस्तु भएकाले यस्तो सेवा अवरोध नहोस् भन्नका लागि प्राधिकरण चनाखो रहेको पनि उनले बताए । रासस

# टिकेन पुँजीबजारको उकालो यात्राः नेप्से परिसूचक २६ अङ्कले घट्यो




**काठमाडौँ ।**
पछिल्लो दुई कारोबार दिन उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकको उकालो यात्रा आज रोकिएको छ । नेप्से परिसूचक २६ दशमलव शून्य सात अङ्कले घटेर दुई हजार पाँच सय ९७ दशमलव ४९ को बिन्दुमा कायम भएको हो ।

बुधबार तीन सय १० कम्पनीको एक करोड ५१ लाख ९९ हजार सात सय ६३ कित्ता शेयर ८३ हजार ८१ पटक खरिदबिक्री हुँदा छ अर्ब ७७ करोड ८१ लाख ९५ हजार आठ सय ८१ रुपैयाँ बराबरको कारोबार भएको छ ।

बुधबार वित्त समूहको उपसूचक एक दशमलव ७५ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी निर्जीवन बिमा समूहमा एक दशमलव ८२ प्रतिशतको गिरावट देखिएको छ । बैंकिङ शून्य दशमलव ७१, विकास बैंक एक दशमलव ३८, होटल तथा पर्यटन एक दशमलव ७९, जलविद्युत् एक दशमलव ७४, लगानी एक दशमलव ५२ र जीवन बिमा शून्य दशमलव ४० प्रतिशतले घटेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ७९, लघुवित्त एक दशमलव १२, म्युचुअल फण्ड शून्य दशमलव ४१, व्यापार एक दशमलव १८ र अन्य समूह शून्य दशमलव शून्य तीन प्रतिशतले घटेको छ । श्रीस्टार हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छभने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा बुधबार सबैभन्दा बढी नेपाल फाइनान्स लिमिटेडको २० करोड ७१ लाख ५५ हजार दुई सय ६७ रुपैयाँको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा बढी हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर सात लाख नौ हजार आठ सय ६७ कित्ता किनबेच भएको छ । रासस

# नौ महिनामा भित्रिए आठ लाख बढी विदेशी पर्यटक



**काठमाडौँ ।**
सन् २०२४ को नौ महिनामा आठ लाखभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार यस वर्षको जनवरीदेखि सेप्टेम्बारसम्म आठ लाख १६ हजार तीन सय ३९ पर्यटकले नेपाल भ्रमण गरेका हुन् ।

बोर्डका निर्देशक मणिराज लामिछानेका अनुसार समग्रमा सन् २०२३ को तुलनामा छ प्रतिशत र सन् २०१९ को तुलनामा चार प्रतिशतले पर्यटक आगमन बढेको छ । अगष्ट महिनाको तुलनामा सेप्टेम्बारमा भारतबाट नेपाल आउने पर्यटक घटेका छन् भने चीनबाट आउने बढेका छन् । अमेरिकी र युरोपियन मुलुकबाट आउने पर्यटक भने बढेका उनले बताए ।

सेप्टेम्बारमा भारतबाट २२ हजार नौ सय ८४ र अगष्टमा २५ हजार आठ सय ३२ पर्यटक नेपाल आएका छन् । चीनबाट सेप्टेम्बारमा आठ हजार ४२ र अगष्टमा छ हजार छ सय १४ पर्यटक आएका निर्देशक लामिछानेले जानकारी दिए । मनसुनका कारण भारतीय पर्यटक घटेका हुनसक्ने अनुमान गरिएको छ । अमेरिकाबाट अगष्ट पाँच हजार छ र सेप्टेम्बारमा १० हजार ८४ पर्यटक नेपाल भित्रिएका छन् । श्रीलङ्काबाट सेप्टेम्बरमा चार हजार नौ सय १५ र अगष्टमा चार हजार आठ सय ५१ पर्यटक नेपाल आएका थिए ।

बोर्डका अनुसार गत अगष्टमा मात्र ७२ हजार सात सय १९ पर्यटक नेपाल आएका थिए । सन् २०२३ को सेप्टेम्बरमा ९१ हजार १२, सन् २०२२ को सोही अवधिमा ५८ हजार तीन सय १४, सन् २०२१ को सेप्टेम्बारमा नौ हजार नौ सय सात र सन् २०१९ मा ९२ जार छ सय चार पर्यटकले नेपाल भ्रमण गरेका बोर्डले जनाएको छ ।

मार्चमा सबैभन्दा बढी एक लाख २८ हजार एक सय ६७ र सबैभन्दा कम जुलाईमा ६४ हजार पाँच सय ९९ पर्यटकले नेपाल भ्रमण गरेका छन् । अप्रिलमा एक लाख ११ हजार तीन हजार ७६, सेप्टेम्बरमा ९६ हजार तीन सय पाँच, जनवरीमा ७९ हजार एक सय, फेब्रुअरीमा ९७ हजार चार सय २६, मेमा ९० हजार दुई सय ११, जुनमा ७६ हजार सात सय ३६ र अगस्टमा ७२ हजार सात सय १९ पर्यटक नेपाल आएका नेपाल पर्यटन बोर्डले जनाएको छ । रासस

# बागलुङका पर्यटकीय क्षेत्र सुनसान

**ढोरपाटन ।**
बागलुङका धार्मिक तथा पर्यटकीय क्षेत्र सुनासन बनेका छन् । बर्खाका कारण ठाउँ–ठाउँमा बाढी पहिरोले सडक अवरुद्ध हुँदा दुई महिनादेखि यहाँका पर्यटकीय क्षेत्र सुनसान बनेका हुन् ।बराह ताल, बेलढुङ्गा, गाजाको दह, घुम्टे, दिदीबहिनी झरना, सोलेडाँडालगायत दर्जनौँ पर्यटकीय क्षेत्र सुनासन छन् ।

धेरै पर्यटक पुग्ने ढोरपाटन बराह मन्दिर र सिकार आरक्ष क्षेत्रमा पनि यो बेला पर्यटकको सङ्ख्या निकै कम भएको छ । गत वर्ष यो बेला पर्यटकीयस्थलमा चहलपहल बढ्न थालेको थियो । अहिले वर्षा नरोकिएको हुँदा सडक खुल्न सकेका छैनन् । सडक खुल्न नसक्दा घरबास (होम–स्टे) पनि सञ्चालन हुन सकेका छैनन् ।

घरबासमा पाहुन पुग्न नसक्दा स्थानीय उत्पादनले बजारसमेत पाउन सकेका छैनन् । जिल्ला सदरमुकाम बागलुङबजार नजिकै रहेको कालिका मन्दिर, पञ्चकोट र शालग्राम सङ्ग्रहालयमा पनि पर्यटकको सङ्ख्या घटेको छ । यस वर्ष लामो झरीले गर्दा आधा असोज बितिसक्दा पनि सडक खुल्न सकेका छैनन् ।

गत वर्ष यति बेला सोलेडाँडामा पर्यटकको चहलपहल बढेको भए पनि अहिले सुनासन रहेको तमानखोला गाउँपालिका–३ का पूर्ण बुढा मगरले बताए । असोज लागिसक्दा पनि वर्षा नरोकिँदा सडक खुलाउन नसकेको उनको भनाइ छ । सडक बन्द हुँदा घुम्न आएका पर्यटक बीच बाटोबाटै फर्किने गरेको बुढा मगर बताउँछन् । बुढा मगरले भने,'असोजको पहिलो सातातिर वर्षा रोकिएको थियो, अहिले फेरि वर्षा हुन थालेको छ, बर्खाले गर्दा बाटो धेरै ठाउँ बिग्रिएको छ, पर्यटक सजिलै घुम्ने ठाउँमा पुग्न सकेका छैनन्, सोलडाँडामा यो बेला पोहोर परार साल निकै धेरै मान्छे आउँथे, तर अहिले आएका छैनन्, आएकाहरु पहिरोले सडक पुरिएपछि फर्किएर जान्छन्, अब कात्तिक लागेपछि मात्रै बाटो खुल्छ होला, त्यसपछि बल्ल पर्यटकको लर्को लाग्छ ।'

यो याम ढोरपाटन घुम्नका लागि निकै उपयुक्त समय मानिन्छ तर सडकको दुरवस्थाका कारण निकै कम सङ्ख्यामा पर्यटक आएको ढोरपाटन होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन अदैले बताउनुभयो । अघिल्लो महिनासम्म सयौँ पर्यटक ढोरपाटन पुग्ने गरेको भन्दै असोज लागेपछि धेरै ठाउँमा सडक बिग्रिँदा यात्रा कठिन हुँदा पर्यटक घटेको उनको भनाइ छ । बुर्तिबाङदेखि ढोरपाटनसम्मको करिब ३२ किलोमिटर सडकमा यात्रा गर्दा पर्यटकले सास्ती खेप्नुपरेको अध्यक्ष अदै बताउँछन् । यो सडक स्तरोन्नति नभएसम्म हजारौँ पर्यटकले बर्सेनि समस्या बेहोर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । 'धेरै पर्यटकको रोजाइमा अहिले ढोरपाटन परेको छ, ढोरपाटन आउने बुकीपाटन पनि जान चाहन्छन्, तर बुर्तिबाङबाट यहाँसम्म आउने सडकको अवस्था खराब हुँदा पर्यटक चाहेर पनि आउन सकेका छैनन्', अध्यक्ष अदैले भने, 'अघिल्लो महिनासम्म पर्यटकको सङ्ख्या राम्रो थियो, पछिल्लो झरीले गर्दा ह्वात्तै घट्यो, दसैँ नजिकिँदैछ, यो बेला हजारौँको सङ्ख्यामा पर्यटक आउँथे, तर सडकका कारण आउन सकेका छैनन्, वर्षा रोकिएर सडक सुधार भयो भने आउनेछन् ।'

गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले वर्षा रोकिएपछि पर्यटकीय क्षेत्रमा पुग्नेसहित ग्रामीण सडक खुलाउने बताए । यस वर्षको वर्षाले मध्यपहाडी लोकमार्गसहित ग्रामीण सडकमा ठूलो क्षति पु¥याएको हुँदा खुलाउन केही समय लाग्ने उनको भनाइ छ । वर्षा रोकिए दसैँ अगावै सबै अवरुद्ध सडक खुलाउने गरी तयारी गरिएको भण्डारीले जानकारी दिए । रासस

# दसैँलक्षित बजार अनुगमन सुरु

**काठमाडौँ ।**
सरकारले दसैँ, तिहार र छठजस्ता चाडपर्वलाई लक्षित गरेर घुम्ती खाद्य प्रयोगशालासहित आजदेखि बजार अनुगमन सुरु गरेको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले बुधबारदेखि दुईवटा मोबाइल भ्यानसहित काठमाडौँ, ललिपुर र भक्तपुर जिल्लाभित्र बजार अनुगमन सुरु गरेको हो ।

बजार अनुगमनको सुरुआत गर्दै कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले भने,'सरकारका तर्फबाट खरिद भएर ल्याएपछि विभिन्न कारणले छ÷सात वर्षदेखि मोबाइल भ्यानहरु त्यत्तिकै थन्किएका रहेछन्, आजदेखि दसैँ, तिहारलाई लक्षित गरेर खाद्य गुण परीक्षणका लागि बजार अनुगमनमा निस्किएका छौँ ।'

मन्त्री अधिकारीका अनुसार मर्मत गर्न बाँकी रहेका दुईवटा मोबाइल भ्यान पनि यथाशीघ्र मर्मत गरेर पूर्वपश्चिमबाट सञ्चालनमा ल्याइने जानकारी दिए । पछिल्लो समयमा खानपानका कारण अस्पतालमा बिरामी बढ्दै गएका सन्दर्भ उल्लेख गर्दै उनले उपभोक्ताले म्याद नाँघेका, असुरक्षित खाद्य वस्तु खान नपरोस् भनेर बजारमा रहेका खाद्य वस्तुको परीक्षण सुरु गरिएको बताए । रासस

# राष्ट्रसङ्घको महासभामा नेपालको प्रभाव बढेको छः विष्णु रिमाल

*संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभामा यसपटक नेपालको प्रस्तुति र 'इन्गेजमेन्ट' विगतको भन्दा केही फरक देखिएको छ । महासभामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीबाट भएको सम्बोधन तथा द्विपक्षीय भेटवार्तामा व्यक्त विश्वशान्ति, मानव–पृथ्वीको रक्षा, जलवायु न्याय, गरिबी निवारण, लोकतन्त्र र आर्थिक रूपान्तरणका यात्रामा नेपालको प्रयासबारे अवगत भएको छ । विश्वशान्ति, जलवायु परिवर्तन र विकासबारे अन्तर्राष्ट्रिय समुदायसँगका अपेक्षाबारे नेपालले स्पष्ट धारणा राखेको छ । प्रस्तुत छ, राष्ट्रसङ्घको भ्रमणका सन्दर्भमा प्रधानमन्त्री ओलीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमालसँग गरिएको कुराकानीको सम्पादित अंशः*



**यसपटक राष्ट्रसङ्घको ७९ औँ महासभामा सहभागिता, सम्बोधन र विभिन्न भेटवार्ताको समग्र अवस्था कस्तो रह्यो ?**

छोटो शब्दमा भन्नुपर्दा भ्रमण सफल भएको छ । सफल भनेपछि यसका केही आधारहरू मैले भन्नुपर्ने हुन्छ । अघिल्ला महासभाहरूका तुलनामा 'फ्युचर अफ द समिट' मा प्रधानमन्त्री ओलीबाट सम्बोधन हुनु नयाँ कुरा हो । यसको एउटा सत्रलाई अल्पविकसित मुलुकका अध्यक्षको हैसियतले अध्यक्षता गर्ने अवसर मिल्यो । यो एकप्रकारको उपलब्धि नै हो । 'फ्युचर अफ द समिट' र महासभामा भएको सम्बोधनमा प्रधानमन्त्रीले अल्पविकसित मुलुकका आवाजलाई प्रस्तुत गर्नुभएको छ । प्रधानमन्त्रीबाट सम्बोधन, अध्यक्षता र 'साइडलाइन' भेटवार्ताका क्रममा विभिन्न देशका शीर्षस्थ नेता, राष्ट्रसङ्घसहित कूटनीतिक नियोगका प्रतिनिधिहरूसँग ३५ भन्दा बढी भेटघाट भएका छन् । त्यत्तिकै सङ्ख्यामा परराष्ट्रमन्त्री डा आरजु राणा देउवा भेटघाटमा सरिक हुनुभयो ।

यस्तै प्रधानमन्त्रीले अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) ले आयोजना गरेको 'लिड फ्रि' सम्बन्धी कार्यक्रममा सम्बोधनका साथै 'डिल फ्रि' का लागि नेपालको प्रतिबद्धता राख्नुभएको छ । त्यस क्रममा उहाँले बालबालिका र युवाहरूको स्वास्थ्यमा असर परिरहेको विषय राख्नुभयो । विश्व बैंकका अध्यक्षलगायत विशिष्ट व्यक्तिहरूको सहभागिता रहेको यो कार्यक्रम महत्वपूर्ण रह्यो, जहाँ अमेरिकी प्रथम महिलाले पनि सम्बोधन गर्नुभएको थियो । अर्को सफलता भनेको प्रधानमन्त्री ओलीले जलवायु परिवर्तनको असरबाट हिमाली र साना टापु राष्ट्रले किन प्रभाव खेपिरहेका छन् भन्ने बारेमा नयाँ ढङ्गबाट जोड दिएर प्रस्तुति दिनुभएको छ । कार्बन उत्सर्जनबाट विश्वको तापक्रम बढ्ने, हिमाल पग्लने र समुद्री सतह वृद्धि हुने भएकाले हिमालदेखि समुद्रसम्मको एकीकृत सुरक्षाका विषय प्रधानमन्त्रीले राख्नुभएको छ । नेपालका सगरमाथा र अन्य हिमालहरूले आफैँमा पृथ्वीलाई 'कुलिङ सिस्टम' मा चलाइरहेको छ भन्ने कुरा राजनीतिक नेतृत्वको तर्फबाट आउनुले यसले अझ महत्व पाएको छ ।

समुद्र र हिमालको 'इकोसिस्टम' बारे उठाउँदै नेपालले भोग्नपरेका समस्याबारे नयाँ ढङ्गले उहाँले बोल्नुभएको छ । प्रधानमन्त्रीसँगको भेटवार्ताका क्रममा धेरै देशका राष्ट्र तथा सरकार प्रमुखहरूले यसलाई चासो दिएका छन् । समुद्र सतहको तापक्रम र जलवायु परिवर्तनको असरसम्बन्धी मञ्चमा पनि प्रधानमन्त्रीले यो कुरा बोल्नुभएको छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेसले पनि 'पलुटर मष्ट बी पेड' भन्नुभएको छ । हामीले पनि त्यही भनेका छौँ । नेपालले कार्बन उत्सर्जनमा निकै कम योगदान गरे पनि नेपालले यसबाट भोग्नुपरेका असरको क्षतिपूर्ति पाउनुपर्छ भन्ने हाम्रो स्पष्ट मान्यता रहेको छ ।

हामीले देशको १७ प्रतिशत भूभाग हिउँ र ४६ प्रतिशत भूगोल जङ्गलका लागि छुट्याएका छौँ भन्यौँ । यसले समग्र पृथ्वीको 'इकोसिस्टम'लाई सघाइरहेको छ । त्यसकारण कार्बन उत्सर्जनमा नगरेको गल्तीको भागिदारी हामीले भोग्नु नपरोस् भन्ने कुरा स्पष्ट राखेका छौँ । प्रधानमन्त्री ओलीले राष्ट्रसङ्घको 'एन्टिमाइक्रोबायल रेसिस्टेन्स' (एएमआर) सम्बन्धी उच्चस्तरीय बैठकलाई सम्बोधन गर्नुभएको छ । त्यहाँको माउन्ट सिनाइ अस्पतालमा पनि सम्बोधन गरी नेपालको स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन सहकार्यबारे प्रधानमन्त्रीले आह्वान र प्रोत्साहन गर्नुभएको छ । कोलम्बिया विश्वविद्यालयमा नेपालको लोकतान्त्रिक र आर्थिक रूपान्तरणका विषयमा बोल्नुभएको छ । हार्वड विश्वविद्यालयको सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयमा बोल्दै हुनुहुन्छ । यसरी हेर्दा समग्रमा यस्ता महत्वपूर्ण सङ्लग्नताले यसपटक नेपाल महासभाका क्रममा देखिने गरी र सुनिने गरी प्रस्तुत भएको छ । त्यसैले पनि यो भ्रमण फलदायी रहेको छ ।

**प्रधानमन्त्रीले विश्वमा देखिएका द्वन्द्वका विषयमा नेपालको असङ्लग्नताका विषय उठाउनुभएको छ । संवाद र कूटनीतिका विषय राख्नुभएको छ । यसको सन्देश के हो ?**

हामीले मूलतः संवाद र कूटनीतिका माध्यमबाट समस्याको समाधान गर्नुपर्छ भनेका हौँ । नृशंसकारी र विनासकारी विश्व युद्धबाट गुज्रिएर आएका हामी अहिले फेरि कठिन मोडमा उभिएका छौँ । मध्यएसिया, पूर्वीएसिया र अफ्रिकामा हतियारको होडबाजी र युद्ध चलिरहेको छ । त्यसमा कसले दोष गरेको भन्ने त उठ्छ तर हाम्रो प्रधानमन्त्रीले संवादको बाटोबाट जाऔँ भन्नुभयो । नरसंहारकारी बाटोबाट नजाऔँ भन्ने हो । युद्धकालमा जस्तो हतियार र बलले नियम कानुन थोपर्ने बाटोबाट होइन, संवाद र कूटनीतिको बाटोबाट जाऔँ भन्ने हाम्रो सन्देश हो । तटस्थ भन्ने त हुँदैन तर हामी द्वन्द्वरत पक्षको पक्षधरतामा नरहेर शान्तिका लागि सन्देश दिन सक्छौँ ।

नेपालको सफल शान्ति प्रक्रियाको मौलिक अनुभवलाई युद्धरत मुलुकले लिन सक्छन् भन्ने हाम्रो प्रधानमन्त्रीको सन्देश हो । अहिलेको २१औँ शताब्दीमा हतियार र युद्धबाट जित्न खोज्ने बाटोले मानवता र पृथ्वी रहँदैन भन्ने हो । त्यसकारण मध्यएसिया र पूर्वीएसिया, युरोप, अमेरिका र अफ्रिका जहाँ भए पनि संवाद र कूटनीतिबाट समस्या हल गरौँ भन्ने नेपालको धारणा रहेको बतायौँ । संवाद र कूटनीतिका लागि जोड दिएर के सहयोग गर्न सक्छौँ भन्ने हो । नेपालको मौलिक शान्ति र सद्भावबाट अरुले पाठ सिक्न सक्छन् भन्ने सन्देश दिएका छौँ ।

संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टेनियो गुटेरेस्ले पनि नेपालको सफल शान्ति प्रक्रियालाई विश्वले नमुनाका रूपमा लिनुपर्छ भन्नुभएको छ । उहाँले विश्व शक्तितर्फ अग्रसर दुई छिमेकी मुलुकका छिमेकी भएको नेपालले आफ्नो अस्तित्व जोगाउँदै दुवै छिमेकीसँगको सन्तुलित सम्बन्ध कायम गरिरहेकाले यो सन्देशबाट पनि दुनियाँले सिक्नुपर्छ भन्नुभएको छ । अहिले सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन पारित हुनु एक मौलिक उदाहरण हो । त्यसरी हामीले दिएको असङ्लग्नता र संवादको बाटो ठीक रहेछ भन्ने देखिएको छ । त्यसकारण नेपालले नैतिक मूल्यका आधारका साथै गौतम बुद्ध, शान्ति र सहनशीलताको देशका रूपमा आफूलाई चिनाउनुपर्छ भन्ने हो । नेपालीको खास चरित्र पनि अन्याय नसहने र मिल्नुपर्दा सबैसँग सहज रूपमा मिल्नसक्ने अद्भूत क्षमताको चरित्र पनि छ भन्ने हो । यो अवस्थाले पनि अहिले संवाद र कूटनीतिको विषय छलफलको विषय भएको छ ।



**दुईपक्षीय र साइडलाइन भेटवार्ता तथा भारत र चीनसँगका भेटमा के के कुरा भए ? सार्कलाई गतिशील बनाउन केही पहल भयो कि ?**

महासभाका क्रममा भेटवार्तामार्फत एकप्रकारले परिचयलाई पुनःस्थापित गरिन्छ । त्यसका अतिरिक्त हामीसँग केही निश्चित एजेण्डा पनि थिए । स्वभाविक रूपमा सार्कलाई गतिशील बनाउने विषयमा सबैको चासो रहेको छ । नेपाल यसको अध्यक्ष भएका नाताले पनि यसलाई गतिशील बनाउन वैकल्पिक उपाय के गर्न सकिन्छ भन्नेबारे हामीले कुरा उठाएका छौँ । हामीले भारतसँग सार्क आवश्यक हो भने चलाऔँ, आवश्यक छैन भने यसको विकल्प के हुन सक्छ भनेर कुरा गरेका छौँ । पाकिस्तानले पनि यसमा चासो दिएको छ । बङ्गलादेशमा नयाँ सरकार छ, उसले सार्कलाई अघि बढाउन सहयोग नै गर्छ । भुटानको पनि त्यही चासो छ । हाम्रो प्रधानमन्त्रीले सबैलाई मिलाएर लाने कुरा गर्नुभएको छ । सार्कका कुनै सदस्य राष्ट्रबीचको विवादभित्र पस्ने कुरा त रहेन तर नमिलेका कुरालाई मिलाउन के गर्न सकिन्छ भन्ने हो ।

एउटै विषयमा अल्झिएर रहनुभन्दा पनि संवादबाट मिलाउने र मिल्न नसकिएका विषयलाई थाती राखेर सार्कलाई गति दिन सकिन्छ भन्ने हाम्रो प्रधानमन्त्रीले स्पष्ट धारणा राख्नुभयो । नेपाल र छिमेकीका छलफल हुनुपर्ने विषयमा पनि छलपल गरौँ भन्नुभएको छ । एउटै विषय सधैँका लागि राख्नु हुँदैन भन्नुभएको छ । अरू सबालमा पनि कुराकानी भएका छन् । जस्तो बङ्गलादेश हामीसँग बिजुली किन्न चाहन्छ, त्यसका लागि भारतको बाटो चाहिने भएकाले भारत र बङ्गलादेशको कुरा हुनुपर्ने विषय छ । भुटानले हामीले राखेको राष्ट्रिय आकाङ्क्षा 'समृद्ध नेपाल, सुखी नेपाली' बाट सिक्न चाहन्छौँ भनेको छ । अलल्पविकसितबाट स्तरोन्नति भइसकेको भुटानले खुसीलाई महत्व दिँदै आएको छ, हामीले सुखी भनेका छौँ । खुसी भनेको तत्कालका लागि अनुभव गर्ने र सुखी भनेको दीर्घकालीन विषय भएकाले यसमा भुटानले हामीसँग सिक्न चाहेको छ । हामीले पनि भुटानबाट के सिक्न सकिन्छ भन्ने विषयबारे छलफल भएको छ । चिनियाँ पक्षसँगका भेटमा पनि विभिन्न समयमा गरिएका भ्रमण आदानप्रदान र खासगरी चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमण र नेपालका तत्कालीन प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा भएका विकास–निर्माणसँग सम्बन्धित सहमति र सम्झौता कार्यान्वयन हुनुपर्छ भन्नेमा जोड रहेको छ । नेपालमा कस्तो सरकार र व्यवस्था रहन्छ त्यो नेपालको कुरा हो भन्नेमा हाम्रो र चीनको समान धारणा रहेको छ । हामीले पनि नेपालको सरकार हाम्रो आवश्यकता र अनुकूलताका आधारमा बन्छ भनेका छौँ । त्यसर्थमा चीनका विदेशमन्त्रीले अहिलेको सरकारलाई हाम्रो शुभकामना छ भन्नुभएको छ ।

**नेपाली समुदायलाई सम्बोधन गर्ने एउटा कार्यक्रम स्थगन हुनुले केही टिकाटिप्पणी सिर्जना भए नि !**

कार्यव्यस्तताका कारणले त्यो कार्यक्रम रोकिएको हो । यसबारे सामाजिक सञ्जालमा उत्पन्न गराइएको अफवाहबारे त केही भन्न चाहन्न । एक ठाउँको फोटो खिचेर अर्को ठाउँको भ्वाइसओभर गर्ने खालका विषय चर्चा गर्न योग्य विषय रहेन । त्यहाँ जान सकिएको भए हुन्थ्यो भन्ने हामीलाई पनि नलागेको होइन । मुलुकका दुई ठूला राजनीतिक दलको सरकार बनेको र एउटा दलको नेता प्रधानमन्त्री ओली र अर्को दलका नेता एवं परराष्ट्रमन्त्री डा राणा अमेरिका आएका बेला यहाँ रहेका र बसोबास गर्ने नेपालीहरूलाई ठूलो भेलामार्फत सम्बोधन गरौँ भन्ने हाम्रो पनि चाहना हो । कार्यव्यस्तताका कारण त्यो सम्भव भएन तर साँझ–बिहानको समय निकालेर पार्टी कार्यकर्ताका साथै नेपाली समुदायका प्रतिनिधिहरूसँग प्रधानमन्त्रीले भेटघाट गरिरहनुभएकै छ । त्यसकारण सामाजिक सञ्जालमा गरिएका गलत टिप्पणीबारे धेरै चर्चा गर्नु आवश्यक छैन ।

# गढीमाई मेलाको शोभायात्रा बिहीबार निकालिँदै



**मधेशदृष्टि**
**वीरगंज ।**
मंसिरमा लाग्ने विश्वप्रसिद्ध गढीमाई मेलाको शोभायात्रा बिहीबार निकालिँदै छ । मेला आयोजना मूल व्यवस्थापन समितिले घटस्थापनाका दिन शोभायात्रा निकाल्न लागेको हो ।

शोभायात्राको तयारीका लागि महागढीमाई नगरपालिकाले नगर क्षेत्र भित्र बुधबार सार्वजनिक बिदा समेत दिएको थियो । मेला व्यवस्थापन समितिका अनुसार बिहीबार बिहान ९ बजे गढीमाई मन्दिर परिसरबाट शोभा यात्रा सुरु हुनेछ ।

गढीमाई मन्दिरदेखि सुरु हुने शोभा यात्रा बरियारपुर, ईनर्वा, तेलकुवा, बसतपुर हुँदै नेपाल–भारत सीमा नजिक रहेको मटिअर्वा शितलपुर विशमरपुर, कलैया भरत चोक, गंजभवानीपुर–दहियार हुँदै गढीमाई मन्दिरमा पुगेर सम्पन्न हुने समितिका संयोजक एवं महागढीमाई नगरपालिकाका मेयर उपेन्द्रप्रसाद यादवले जानकारी दिए । प्रत्येक पाँच वर्षमा एक पटक लाग्ने पञ्चवर्षीय गढीमाई मेलामा देश विदेशबाट लाखौको संख्यामा भक्तजनहरु आउने गरेका छन् । अघिल्ला मेलामा भन्दा यस वर्षको मेला एतिहासिक,सभ्य र भव्य बनाउने गरी समितिले तयारी गरिरहेको अध्यक्ष यादवले बताए ।

# बलान नदी कटानले जोखिममा बस्ती



**मधेशदृष्टि**
**सिरहा ।**
केही दिनअघिको वर्षाले सिरहामा भौतिक एवम् मानवीय क्षति नभए पनि नदी आसपासका सयौँ बिघा खेतीयोग्य जमिन कटान गरेको छ । यहाँको बलान नदीले तटबन्ध भत्काउँदा किनाराका बस्ती बगाउने त्रासमा स्थानीय छन् । सिरहा र सप्तरीको सिमाना भएर बग्ने बलान नदीको बाढीले तटबन्ध भत्काएर लहान—४ स्थित इस्लामपुरको बस्तीमा पसेको थियो । करिब तीन सय मिटर तटबन्ध भत्काएर बस्तीमा बाढी पसेपछि ३० घरपरिवार बिचल्लीमा परे । सयौँ बिघाको धानखेत क्षणभरमै सखाप भयो । 'एक्कासि बाढी बस्तीमा पसेपछि ज्यान जोगाउन भागाभाग भयो', लहान—४ इस्लामपुरका बाढीपीडित मोहमद सदरुर मियाँले भने, 'बाढीले तटबन्ध नै भत्काएछ ।' मियाँको जस्तै समस्या लहान—२३ तिलेबोनाका गङ्गाप्रसाद यादवले पनि भोगिरहेका छन् । हरेक वर्ष बलान नदीले जमिन कटान गर्दा बस्ती बगाउने चिन्तामा रातदिन बस्नुपरेको उनले बताए । 'दशकौँदेखि गरिखाने जमिन आँखै अगाडि हेर्दाहेर्दै नदीले निलेको हेर्न विवश छौँ । यो नदीले हामीलाई रित्तो बनाइदियो, सबै सकियो । ओत लाग्ने घर पनि बाढीले कुन दिन बगाउने हो, टुङ्गो छैन', यादवले भने । बाढीले तिलेबोनामा मात्रै १० बिघा खेतीयोग्य जग्गासँगै आँपको बगान बगाएको छ । नदीले कटान गरी गाउँ नजिक पुगिसकेकाले तत्कालै नियन्त्रण नगरेमा दक्षिणी भेगका सखुवानान्कारकट्टी र भगवानपुर गाउँपालिका प्रभावित हुने स्थानीय बताउँछन् । 'हिउँदमा चकमन्न भएर बग्ने बलान नदी वर्षातसँगै भेल बाढी मात्र बग्दैन, नदीकिनार बासिन्दाको आँसु पनि सँगै बग्छन्', सखुवानन्कारकट्टी गाउँपालिकाको—४ का हरिलाल यदवले भने । उनका अनुसार पछिल्लो दशकमा नदीले बसनपुरमा २२, भगवतीपुर मौजीमा ५१, सिम्राहा मौजीमा ८४ बिघा जमिन कटान गरिसकेको छ । सयौँ बिघा नम्बरी जग्गा बगर बनाएको छ । नदी सोझिएको बस्ती तर्फ लागेको यादव बताउँछन् । कुनै बेला जमिनदारको गाउँ भनेर कहलिने इटहर्वा, भगवानपुर, तिलेबोनालगायतका गाउँको परिचय अहिले मेटिएको छ । नदीले करिब १५ वर्षअघि धार परिवर्तन गरी बस्तीतिर सोझिएपछि विपद् सुरु भएको थियो । त्यसयता लहान नगरपालिकाको वडाअन्तर्गत ३, ४, ५, ९, १०, १९ र २३, सखुवानन्कारकट्टी गाउँपालिकाको ३ र ४ अन्तर्गत परिहारपुर, इटहर्वा, सिम्राहा, सखुवा, तिलेवोना तथा भगवानपुर गाउँपालिकाको १, ३ र ४ नम्बर वडाअन्तर्गत भगवानपुर, लालपुर, कल्याणपुर, सिनुरिया र मरिकटोल बाढी, डुबान र कटानको उच्च जोखिममा छन् । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय सिरहाका डिभिजन प्रमुख हसमत अन्सारीका अनुसार नदी नियन्त्रणको लागि पर्याप्त बजेट उपलब्ध छैन । उनले भने, 'स्थानीय तह र प्रदेश सरकारबाट जे जति काम भएको छ, त्यो पर्याप्त छैन ।' बलान नदी नियन्त्रणको लागि लहान नगरपालिकाले वडा नं २३ स्थित तिलेबोनामा अघिल्लो आवमा ५० लाख रुपैयाँ बढी खर्चेर करिब एक सय ५० मिटर तटबन्ध निर्माण गरेको थियो । गत आर्थिक वर्षमा मधेश प्रदेश सरकारबाट बलान नदी नियन्त्रणको लागि ९५ लाख रुपैयाँ खर्चेर करिब पाँच सय मिटर तटबन्ध निर्माण गरिएको थियो । लहान नगरप्रमुख महेशप्रसाद चौधरीले बलान नदी नियन्त्रणको लागि स्थानीय तहको प्रयासले मात्र नहुने भएकाले प्रदेश तथा सङ्घीय सरकारलाई सहयोगको आग्रह गरे । रासस

# बाढी तथा डुबान प्रभावित गाउँमा खानेपानीको समस्या



**मधेशदृष्टि**
**सर्लाही ।**
अविरल वर्षापछि आएको बाढी तथा डुबानका कारण सर्लाहीमा दुई हजार ५३३ परिवार प्रभावित भएका छन् । लगातारको वर्षापछि बागमती नदी, लखन्देही, झिम, सोती, मनुस्मारालगायत खोलामा बाढी आएको थियो । बाढीले बाँध फुटाएर गाउँमा पसेपछि जिल्लाको दक्षिण पश्चिममा रहेका आठवटा पालिका प्रभावित भएका हुन् । बाढी तथा डुबानमा परेर २९० घर पूर्णरुपमा नष्ट भएको छभने ५७४ घरमा आंशिक क्षति पुगेको जिल्ला विपद् व्यवस्थापन समिति संयोजक प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अधिकारीले जानकारी दिए । यस्तै, जिल्लामा एक हजार ६६९ घर बाढी पसेर डुबाएको छ । बाढी तथा डुबानमा परेर घरबास गुमाएका परिवार नजिकैका आफन्तकामा शरण लिएर बसिरहेका प्रजिअ अधिकारीले जानकारी दिए । केहीलाई स्थानीय प्रशासनले नजिकैका सार्वजनिक भवन तथा धर्मशालामा राखेका छन् । विस्थापितहरुलाई प्रहरी प्रशासनले खानेपानी तथा चिउरा, चाउचाउलगायत खाद्यान्न समेत वितरण गरिरहेका उनले जानकारी दिए । बलरा नगरपालिकाको ११ वडामा १०६ वटा घर पूर्ण रुपमा र २८२ घरमा आंशिक क्षति पुगेको छभने ५०८ घर बाढीमा डुबेको छ । बाढीमा डुबेका घरमा समेत कम्मर कम्मरसम्म पानी जमेकाले बस्न सक्ने अवस्था नरहेको बलरा नगरपालिकाका प्रमुख रामाशङ्करप्रसाद कुशवाहले जानकारी दिए ।

जिल्लामा क्षतिको विवरण सङ्कलन गरिरहेको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ । स्थानीय तह, विभिन्न सङ्घसंस्थासँगको सहकार्यमा राहत पु¥याउने काम गरिरहेको प्रजिअ अधिकारीले बताए । यस्तै, रामनगर गाउँपालिका–१, २, ६ र ७ का गाउँमा ८१ घरमा पूर्ण रुपमा र ९० घरमा आंशिक क्षति पुगेका छभने ३३० घर डुबानमा परेको छ । जिल्लाको ब्रह्मपुरी गाउँपालिकामा पनि झिम नदीको बाढी पस्दा त्रिभुवननगर गाउँका ४० घरमा आंशिक क्षति पुगेको छभने १९० घर बाढीले डुबानमा पारेको छ । बागमती नदीको बाँध फुटेर पसेको पानीले बसवरिया गाउँपालिका–२, ढापटोलमा आठ घरमा पूर्ण क्षति पुगेको छभने ११७ घर डुबानमा परेको छ ।

यसैबीच, सोती खोलामा आएको बाढीले बरहथवा नगरपालिका–४, हरपुर्वा गाउँमा पाँच घरमा आंशिक क्षति पु¥याएको छभने चार घर डुबानमा परेको बरहथवा नगरपालिकाकी प्रमुख कल्पनाकुमारी कटुवालले जानकारी दिइन् ।

चन्द्रनगर गाउँपालिका–१, २, ३, ४ र ५ का विभिन्न गाउँमा गरी ३२ परिवारको घर पूर्ण रुपमा र ५२ घरमा आंशिक क्षति पुगेको छभने ३७० घर डुबानमा परेको छ । गाउँको अधिकांश कच्ची घरमा झिम नदीको बाँध फुटेर बाढी पसेको गाउँपालिका अध्यक्ष राजकुमार महतोले जानकारी दिए । जिल्लाको धन्कौल गाउँपालिका–३, ४, ५, ६ र ७ का गाउँमा बागमती खोलाको बाढी पसेको छ । यस पालिकामा ६३ वडा कच्ची घर पूर्ण रुपमा र १०५ वटा घरमा आंशिक क्षति पुगेको पालिकाले जनाएको छभने, ३०० वटा घर डुबानमा परेको छ । बागमती खोलामा आएको बाढी बाँध भत्काएर गाउँतर्फ सोझिएको स्थानीय रामविनय महतोले बताए । बाढीले यस क्षेत्रमा तरकारी र धानबालीमा अत्यधिक क्षति पु¥याएको छभने उखुखेतीमा समेत आंशिक क्षति पुगेको स्थानीयको भनाइ छ ।

यस्तै, विष्णु गाउँपालिका–७, डुमला टोलमा पनि एउटा घरमा बाढीले पूर्ण रुपमा क्षति पु¥याइदिएको छ । बाढी तथा डुबानबाट प्रभावित अधिकांश स्थानमा अझै कम्मरसम्म पानी जमेका कारण स्थानीयलाई पकाएर खानसमेत समस्या भएको बताएका छन् । दाउरा भिजेको र ग्यास चुल्हो विपन्न परिवारको पहुँचमा नरहेका कारण समस्या भएको उनीहरुले गुनासो गरे । तत्कालका लागि खाना पकाएर खाने व्यवस्था गरीदिन बसबरिया गाउँपालिका–२, ढापटोलका दीपेन्द्र ठाकुरले अनुरोध गरे ।

बाढी तथा डुबानमा रहेका अधिकांश गाउँका स्थानीयले स्वच्छ खानेपानी नपाएको गुनासो गरेका छन् । चापाकलहरु पानीमा डुबेका र खानेपानीको दिगो व्यवस्था नभएका कारण दुषित पानीका कारण स्थानीय सङ्कटमा रहेको बलरा नगरपालिका–१, निवासी चुनचुन महतोले बताए । स्थानीयले पहिलो आवश्यकताअनुसारको राहतसमेत नपाएको उनले गुनासो गरे । बाँस र माटोले बनेका खपडा, टायल र जस्ताको छाना भएका कच्ची घरहरु डुबानमा परेर क्षति भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए ।

**बाढी प्रभावित परिवारलाई राहत वितरण सुरु**

सर्लाहीको बलरा नगरपालिकाका बाढी प्रभावित परिवारलाई राहत वितरण सुरु गरिएको छ । बिहीबार पहिलो चरणमा बलरा नगरपालिका वार्ड नम्बर ३ का १५० बाढी प्रभावित परिवारलाई राहत सामग्री वितरण गरिएको छ । राहत वितरण कार्यक्रम सेभ द चिल्ड्रेनको आर्थिक सहयोग तथा बलरा नगरपालिकाको सहकार्यमा राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्रद्वारा सञ्चालित समुन्नति परियोजनाअन्तर्गत गरिएको हो। राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्रकी अध्यक्ष गायत्री देवीका अनुसार, प्रति परिवार ९ हजार रुपैयाँ बराबरको राहत सामग्री वितरण गरिएको छ । राहत सामग्रीमा एक सेट भाँडाकुँडा, पानी फिल्टर, दुईवटा त्रिपाल, एक केजी डोरी, ब्लांकेट, र बाल्टिन सेट समावेश गरिएको छ । राहत वितरण कार्यक्रमको उद्घाटन गर्दै बलरा नगरपालिकाका मेयर रामाशंकर कुशवाहाले नगरपालिकामा बाढीबाट सबैभन्दा बढी प्रभावित वार्ड नम्बर ३ बाट राहत वितरणको सुरुवात गरिएको जानकारी गराउनुभयो । बलरा नगरपालिकाका ११ मध्ये ९ वटा वार्डहरू बाढीबाट प्रभावित भएका छन्, जसमध्ये ३ वटा वार्ड पूर्ण रूपमा प्रभावित भएको र ६ वटा वार्ड आंशिक रूपमा क्षतिग्रस्त भएको जनाइएको छ । कुलेखानीको बाँधमा पानीको सतह बढेपछि खोलिएका ढोकाहरूका कारण बागमती नदीमा पानीको बहाव उच्च भएपछि असोज १२ गते बलरा नगरपालिकामा बाढी आएको थियो ।

# जनमतका नेता–कार्यकर्ताद्वारा पार्टी परित्याग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीमा जनमत पार्टीका दर्जनौं नेता–कार्यकर्ताले पार्टी परित्याग गरेका छन् ।

पार्टी परित्याग गर्नेमा केन्द्रीय कार्यकारिणी समिति सदस्य संजय स्वराजी, केन्द्रीय सदस्यहरु इन्द्र प्रसाद सिंह, कोमल यादव, दिपेन्द्र मधेशी र मसुधन महतो तथा जिल्ला स्तरीय नेताहरु संतोष यादव, सिंहेश्वर मण्डल, राम जीवन साह, राम आधार भण्डारी, रोशन मधेशी, नरेन्द्र यादव, प्रेमनाथ महतो, राम पदार्थ महतो, हिरेन्द्र साह, बासुदेव यादव, जयचन्द्र ठाकुर, राजिव यादव, शिव शरण यादव, फुलो मण्डल र नितु साह लगायत रहेका छन् ।

केहि दिनअघि जलेश्वरस्थित जिल्ला समन्वय समितिको सभाहलमा आयोजित पार्टीको एक कार्यक्रममा पार्टी अध्यक्ष डा.सिके राउतले नेता तथा कार्यकर्तामाथि अपशव्द प्रयोग गर्दै पार्टी कब्जा गर्न खोजेको भन्दै अपमानजनक शव्द प्रयोग गरेको आरोप लगाएका छन् ।

अध्यक्षले स्पष्टिकरणसमेत माग गरेपछि पार्टीमा रहनुको औचित्य नभएको भन्दै आफुहरुले राजिनामा दिएको नेताहरुले बताएका छन् ।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन